जनकपुर टुडे
छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २५ • अंक १०९ • २०८० साल भाद्र २० गते बुधवार (6 September, Wednesday, 2023) • पृष्ठ ८ • मूल्य रु. ५।-



जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

मंगलमय शुभकामना
भगवान श्रीकृष्ण जन्मोत्सवको पावन अवसरमा हार्दिक मंगलमय शुभकामना ।
Happy Janmashtami
टी भी टुडे जनकपुर
रेडियो टुडे ९१ मेगाहर्ज
जनकपुर टुडे राष्ट्रिय दैनिक
परिवार, जनकपुरधाम


### अनुचित लेनदेन सम्बन्धी कानुन

# जिल्लाहरुमा प्रशासनिक आतंक, ऐनको दुरुपयोग

**सञ्जिव कुमार झा**

जनकपुरधाम । अनुचित लेनदेन (मिटरब्याज)सम्बन्धी कानुनको आडमा जिल्लाहरुमा प्रशासनिक आतंक मच्चाइएको लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)ले आरोप लगाएको छ ।

पार्टीको मधेश प्रदेशको विस्तारित बैठकले गरेको निर्णय सार्वजनिक गर्ने क्रममा मंगलवार पार्टी कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा पूर्व मन्त्री समेत रहेका प्रदेश अध्यक्ष जितेन्द्र सोनलले कानुनको आडमा धम्काउने, अनेक प्रकारको त्रास देखाउने काम प्रशासनबाट भइरहेको आरोप लगाएका छन् ।

'कानुनको आडमा प्रशासनले आतंक मच्चाएको छ ' उनले भने, कानुन बमोजिम पीडितलाई न्याय दिनुपर्छ,

धाकधम्की दिएर अर्को अनुचित काम गराउन हुँदैन् ।'मिटरब्याजीलाई कारबाही गर्न र पीडितलाई न्याय दिलाउन कानुन बनाइएको छ ' उनले भने, अनावश्यक रुपमा कसैमाथि प्रशासनले दबाब दिनु हुँदैन् । कानुनको कार्यान्वयन त्यसको भावना र मर्म अनुसार नै हुनुपर्नेमा उनले जोड दिए ।

कानुन निर्माणमा संसदमा लोसपाले समर्थन जनाएको उल्लेख गर्दै उनले भने, पीडितलाई न्याय दिनका लागि कानुन बनाइएको हो ।




लोसपाको मधेश प्रदेशको विस्तारित बैठकले अनुचित लेनदेन कानुनको नाममा आतंक मच्चाइएकाले त्यसलाई रोक्न पहल गर्ने निर्णय गरेको बताइएको छ । सो बैठकमा संघीय सरकारका श्रम तथा रोजगार मन्त्री शरतसिंह भण्डारीको पनि सहभागिता रहेको थियो। लोसपा संघीय र प्रदेश दुबै सरकारमा रहेको छ।

अनुचित लेनदेन सम्बन्धी उजुरीको फछ्र्यौटमा केही हप्तादेखि कमी आएको छ । राजनीतिक दबाब बढेसँगै सहमतिमा लेनदेन सम्बन्धी विषय टुंग्याउन कठिनाइ भइरहेको अधिकारीहरु बताउँछन् ।तर लेनदेन सम्बन्धी उजुरीको आधारमा फछ्र्यौट गर्न दलालहरु खटाइएको आरोप ऋणी र साहुकार दुबैले लगाउने गरेका छन् ।

अदालतबाट आउने निषेधाज्ञा र प्रशासनले साहुलाई पक्राउ नगर्ने कार्य रोक्नुपर्ने भन्दै मिटरब्याज पीडितहरुले सडकमा जुलुस जारी नै राखेका छन् ।

प्रशासनले अनावश्यक दबाब दिने काम नसच्याए विरोधमा उत्रने चेतावनी अध्यक्ष सोनलले दिए ।'प्रशासनिक आतंकको विरोधमा हामी अगाडि आउने छौ' उनले भने, कानुनको आडमा नागरिकलाई त्रसित बनाउने काम राज्यबाट हुनु हुँदैन् ।

अध्यक्ष सोनलले जन्मसिद्धका सन्तानले नागरिकता पाएकोमा खुशी जनाउँदै भने, सरकारले नियमावली बनाएर आमाको नामबाट पनि नागरिकता उपलब्ध गराउने प्रकृया सुरु गर्नुपर्छ।

सरकारले मधेश केन्द्रित दलहरुको दबाबमा जन्मसिद्ध नागरिकका सन्तानलाई वंशजको आधारमा नागरिकता दिने कानुन बनाएर सहज गरिदिएको छ। तर आमाको नामबाट नागरिकता दिने नियमावली नबनाउँदा समस्या आएको सोनलले बताए। आमाको नामबाट पनि नागरिकता दिन सरकारसित उनले माग गरे।

मधेश प्रदेशको सत्तासाझेदार लोसपाका प्रदेश अध्यक्ष जितेन्द्र सोनलले प्रदेश सरकारमा ब्यापक बेथिति रहेको आरोप लगाउँदै प्रदेशमा सरकार रहेको अनुभूति नागरिकलाई गराउन नसकेको बताए ।'सरकार गठन भएको ९ महिना बितिसक्दा पनि उल्लेखनीय काम हुन सकेको छैन्' उनले भने, प्रदेशमा अनावृष्टि, अतिवृष्टि, बाढी पहिरोको समस्या विकराल बनेको छ । पिउने पानीको प्रदेशमा चरम संकट देखिन थालिएको उल्लेख गर्दै उनले भने, त्यसका लागि चुरेको संरक्षणका लागि तीनै तहको सरकारले ठोस कार्यक्रम ल्याउनु पर्छ।

सांगठनिक रुपमा रुग्ण भइसकेको लोसपाले फेरि त्यसलाई जीवन्तता दिन 'आर टू' कार्यक्रम ल्याएको अध्यक्ष सोनलले बताए । संगठनको सबै निकायलाई पुनरावलोकन र पुनर्गठन (रिभ्यू एण्ड रिफर्म)गर्न बुथ समिति सम्म पुग्ने उनले बताए । लोसपामा लामो समयदेखि महाधिवेशन भएको छैन् ।केन्द्रीय समिति पूर्ण छैन् ।

# पक्राउ परेका यादव सभासदबाट निलम्बित

**टुडे समाचारदाता**

राजविराज। मधेश प्रदेशका स्वतन्त्र सभासद अनिरुद्ध प्रसाद सिंह यादव निलम्बनमा परेका छन्। जिल्ला अदालत सप्तरीले उनलाई मंगलबार पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको छ।

प्रदेश सभा सचिवालयले उनी थुनामुक्त नभएसम्म निलम्बनमा नै रहने जनाएको छ । मंगलवार बिहान नै सचिवालयले यादवलाई पक्राउ गरिएको सूचना टाँस गरेको थियो ।

अदालतको आदेशमा उनलाई राजविराजस्थित कारागार चलान गरिएको सप्तरीका प्रहरी प्रमुख एसपी नरेन्द्र कार्कीले जनाए ।

सप्तरी क्षेत्र नं. ४ (ख)बाट प्रत्यक्ष निर्वाचित सांसद यादवलाई प्रहरीले कर्तव्यज्यान मुद्दामा सोमबार दिउँसो राजविराज नगरपालिका ७ बाट पक्राउ गरेको थियो ।

बोदेबर्साइन नगरपालिका ५ बस्ने यादवलाई कर्तव्यज्यान मुद्दामा पक्राउ गरी जिल्ला अदालत सप्तरीमा पेश गर्दा एकदिनको म्याद थप गरिएको थियो।

अदालतमा सोमवार भएको थुनछेक बहसपछि यादवलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश अदालतले दिएको छ।

वि.सं.२०६४ असार ९ गते अपहरण गरी तत्कालीन खोक्सरप्रवाहा गाविस-१ का ३२ वर्षीय दिपु भन्ने गोविन्द चौधरीको नेङ्गडा गाविस-५ वैरिया टोलमा गोली प्रहार गरी हत्या गरिएको थियो ।

जिल्ला अदालत सप्तरीमा सो मुद्दाको दर्ता नम्बर १३१-२०६३/०६४ रहेको छ । १७ वर्षपछि यादवलाई पक्राउ गरी पुर्पक्षका लागि थुनामा पठाइएको छ ।स्थानीय बासिन्दाहरुका अनुसार हाल सम्म यादव फरार भएनन् ।

मृतककी दिदी धनगढी गाविस-३ की रीताकुमारी चौधरीले जिल्ला प्रहरी कार्यालय सप्तरीमा २०६४ असार १४ गते कर्तव्यज्यान मुद्दामा यादवसहित ९ जनामाथि किटानी जाहेरी दिएकी थिइन्। जाहेरी परेपछि यादव फरार थिए।

२०६८ चैत १९ गते सप्तरी जिल्ला अदालतले कर्तव्यज्यान मुद्दामा फरार रहेका यादवलाई पक्राउ गरी मुल्तवीमा राखी अनुसन्धान गर्न आदेश दिएको थियो। उनी फरारको सूचीमा रहे पनि प्रत्यक्ष चुनाव लडेर प्रदेश सभामा चुनाव जितेका हुन्।










# सामूहिक र करार खेतीलाई प्रोत्साहन

काठमाण्ड । सरकारले खाद्यान्न र दूधजन्य पदार्थमा अत्मनिर्भरका लागि सिँचाइ, सामूहिक खेती, पशुस्वाथ्य र हरियो घाँस विस्तारका कार्यक्रमलाई प्राथमिकतामा राखेको छ ।

बाँझो जमिन उपभोग कार्यक्रममार्फत सिँचाइ संयन्त्र निर्माण गरी उत्पादनमा वृद्धि एवं सामूहिक र करार खेतीलाई समेत प्रोत्साहन गर्ने नीति सरकारले अघि सारेको हो ।

कृषि उत्पादन बढाएर आत्मनिर्भर हुने सबैभन्दा महत्त्वपूर्ण पक्ष रासायनिक मल र सिँचाइका लागि तीन तहकै सरकारसँगको सहयोग र समन्वयमा मलको व्यवस्थापन र सिँचाइ प्रवर्द्धनका कार्यक्रम अघि बढाउने कृषि तथा पशुपक्षी विकासमन्त्री डा वेदुराम भुसालले बताउनुभयो ।

बाँझो जमिनमा सिँचाइ उपलब्ध गराएर चैते धान हाल एक लाख १८ हजार हेक्टरमा लगाइएकामा त्यसलाई दोब्बर पुर्याई धानमा आत्मनिर्भरका लागि भगिरथ प्रयत्न गर्ने मन्त्रालयले सङ्कल्प लिएको छ । मुलुक धानमा आत्मनिर्भर नभएका कारण वार्षिकरूपमा रु ३० अर्बभन्दा बढीको चामल आयत गर्दै आएको छ ।

आगामी दिनमा चैते धान उत्पादन वृद्धिका लागि सरकारले कृषकलाई प्रोत्साहनसहित प्रवर्द्धन अभियान सञ्चालन गर्ने योजना बनाएको छ । नेपालको प्रमुख खाद्यान्न बाली र खाद्य सुरक्षाको प्रमुख आधारमात्र नभई धानलाई आर्थिक, सामाजिक, सांस्कृति र धार्मिकलगायतको महत्व बोकेको जीवन पद्धतिका रूपमा हेरिने गरिएको छ ।

आधुनिक प्रविधिको प्रयोग र व्यावसायिकीकरणका माध्यमद्वारा धानको उत्पादन वृद्धि गर्न पर्याप्त मलखाद्य र सिँचाइका साथै अनुसन्धान र विकासका कार्यक्रमलाई पनि जोड दिइने नीति अघि सारिएको छ । नेपालमा वार्षिक सदरदर धान उत्पादन ५४ लाख ८६ मेट्रिक टन उत्पादन हुने गरेको छ ।

नेपालीको खानाको ६७ प्रतिशत हिस्सा ओगट्ने धान आवश्यकताभन्दा १२ लाख ८० हजार मेट्रिक टन कम उत्पादन छ । कृषकलाई राहत र कर्णालीलगायतका दुर्गम क्षेत्रका उपभोक्ताको हितका लागि खाद्य व्यवस्था तथा व्यापार कम्पनी र कृषि सहकारीमार्फत सरकारले ठूलो परिमाणमा खलोबाटै धान खरिद गर्दै आएको छ ।

खाद्यान्नमा मुलुकलाई आत्मनिर्भर तुल्याउन सरकारले रासायनिक मलको समयमै व्यवस्थापन कार्यलाई पहिलो प्राथमिकतामा राखेको छ । गत आर्थिक वर्ष रु ३१ अर्ब २० करोड ३७ लाख ८४ हजार बराबरको रासायनिक मल आयात गरेकाले तुलनात्मकरूपमा किसानले यस वर्ष मल सहजरूपमा पाएको अनुभूति गरेको मन्त्रालयको दाबी छ ।

सरकारले कृषि पशुपक्षी विकास उद्यमशीलता कार्यक्रम तथा हरित विद्यालय र पोषण शिक्षा कार्यक्रमलाई पनि अघि बढाएको छ । कृषि तथा पशुपक्षी विकास मन्त्रालयले इलाम, सुनसरी, रौतहट, सर्लाही, काभ्रे, नुवाकोट, तनहुँ, पर्वत, अर्घाखाँची, कपिलवस्तु, दैलेख, कालीकोट, कैलाली र बैतडी जिल्लाका एक सय ६१ पालिकामा पशु स्वास्थ्य आधारभूत प्रयोगशाला स्थापना कार्यक्रम यस वर्ष ल्याइएका नयाँ कार्यक्रम हुन् ।

उन्नत जातका धेरै उत्पादन हुने मकै, गहुँ, कोदोजस्ता बालीका लागि किसानलाई प्रोत्साहन गर्दै हरियो घाँस विस्तार, रैथाने बाली र चौरी प्रवर्द्धन, कृषि एम्बुलेन्स वितरण र स-सना शीतभण्डार (कोल्डस्टोर) निर्माण कार्यक्रमलाई पनि मन्त्रालयले प्रभावकारीरूपमा अघि बढाएको छ । कृषिलाई दिने अनुदानलाई उत्पादनमा आधारित बनाउन 'उत्पादन साथमा नगद हातमा' भन्ने नीति अवलम्बन गरिएको छ ।रासस

# बरमझियाको पेडा, नाम होस् तर बदनाम नहोस्

जनकपुरधाम । 'आमै! एउटै व्यक्तिका यति धेरै पसल' जो कोही एक छिन् त अल्मलिन्छन् नै । जसरी पहिलो पटक बरमझिया पुग्दा हामी पनि अल्मलियौँ । लहरै रहेका सयभन्दा बढी पसल तर नाम उस्तैउस्तै । 'बुढो बाजेको पेडा पसल', 'असली बुढो बाजेको पेडा भण्डार', 'असली बुढो वैद्यनाथ बाजेको पेडा पसल', 'उही पुरानो वैद्यनाथ बाजेको पेडा पसल', 'वैद्यनाथ बाजेको पेडा भण्डार', 'वैद्यनाथ बाबाको पेडा पसल', 'श्री वैद्यनाथ साहको पेडा भण्डार' यस्तैयस्तै पसल अनेक तर नाम एक ।

अगाडि होस् या पछाडि 'वैद्यनाथ बाजे' हरेक पसलको साझा पहिचान हो । त्यो देखेर एकछिन् त जो कोही अलमलमा पर्छन् । त्यस्तै अलमलमा हुनुहुन्थ्यो, काठमाडौँबाट इलाम जाँदै गरेकी रोशनी राई । "वैद्यनाथ बाजे को हुन् ? सबै पसल उहाँकै हुन्", स्थानीय एक व्यापारीलाई राईले सोध्दै हुनुहुन्थ्यो । **जवाफ आयो, "हैन ।",**

"अनि वैद्यनाथ बाजे को त ?"

जवाफमा पसले भन्दै हुनुहुन्थ्यो, "यस ठाउँमा पेडा व्यापार सुरु गर्ने मान्छे !"

रोशनीले मात्रै होइन, पूर्व-पश्चिम राजमार्ग हुँदै यात्रा गर्ने सप्तरीको कञ्चनरुप नगरपालिका-२ बरमझिया पुगेका वा सो सडक भएर यात्रा गर्नेहरूको मनमा यस्तै जिज्ञासा जाग्दो रहेछ । लहरै रहेका यी पसलहरूले मन लोभ्याउँछन् । गाडी नरोकेर धेरै पाइन्न । अनि कुरौनी र पेडा किन्यो । पसल अगाडि टक्क रोकियो र तस्बिर लियो । यस्तै दृश्य देखिन्छन् यहाँ ।

स्थानीय अभिषेक साह भन्दै हुनुहुन्थ्यो, "सबैले सोध्छन् पसल अनेक तर नाम एउटै कसरी ? जवाफ त पाउँछन् तर असली वैद्यनाथ बाजेको पेडा पसल पहिचान गर्नै हम्मेहम्मे हुन्छ ।" 'बरमझियाको पेडा' धेरै नेपालीले सुनेकै नाम हो । मधेस प्रदेशको पूर्वी सिमाना पूर्व-पश्चिम् राजमार्गअन्तर्गत सप्तरीको कञ्चनरूप नगरपालिका-२ मा अवस्थित बरमझिया यही 'पेडा' का कारण चर्चामा छ । तर यहाँ पहिलो पटक आउनेहरू भने राजमार्गको दुवै किनारमा खुलेका पसलहरूको मिल्दोजुल्दो नामले वैद्यनाथ बाजेको असली पेडा पसल खोज्न अलमलिन्छन् ।

"धेरै जना वैद्यनाथ बाजेको पेडा पसल चाहर्दै आउँछन्, कतिपय वैद्यनाथ बाजेलाई नै खोज्न आइपुग्छन्", विगत २० वर्षदेखि तीनै वैद्यनाथ साहको पसलमा काम गर्नुभएका कालिगड गोविन्द साहले भन्नुभयो, "बाजे नदेखेपछि खिन्न मान्नुहुन्छ । देख्न पाएको भए कति राम्रो हुन्थ्यो भनेर पछुताउनुहुन्छ । के गर्नु ! दैवले खोसेर लगिसक्यो ।"




**'पेडा भनेकै वैद्यनाथको'**

वैद्यनाथ साह बरमझियामा पेडाको 'ब्रान्ड' स्थापित गर्ने व्यक्ति हुनुहुन्छ । सुरुमा उहाँका बुबा अक्कल साहले गाउँमै चिया पसल सुरु गनुभएको थियो । त्यही पसलमा छोरा बैजनाथले पनि सघाउनुहुन्थ्यो । एकपटक उहाँ कामको सिलसिलामा भारततिर जानुभयो । त्यही बेला दूधबाट चियाबाहेक कराउनी र पेडा बनाउन सकिन्छ भनेर थाहा पाउनुभयो । "हामीलाई सुनाउनुभएअनुसार भारत भ्रमणमा जाँदा पेडाबारे थाहा पाएर फर्केपछि चिया पसलमा आउने दूधबाट कुराउनी र पेडा बनाउन थाल्नुभएको थियो । विसं २०१५/१६ तिर त्यसलाई व्यावसायिक रुप दिनुभएको हो", हाल बाजेको बिडो थामिरहेका नाति विवेक साहले भन्नुभयो, "चिया पसल हाम्रो बुढो हजुरबुबाले धेरै पहिलेदेखि नै चलाइरहनुभएको थियो । बाजेले त्यसैमा पेडाको व्यापार गर्न थाल्नुभयो । अहिलेको स्थानमा त पूर्व-पश्चिम राजमार्ग खुलेपछि मात्रै व्यापार सुरु गरिएको हो ।"

समय क्रममा स्थानीयमा पेडाप्रतिको रुचि बढ्दै गयो । राजमार्गमा आवतजावत बाक्लिएपछि बरमझियाको पेडाको महिमा पूर्व-पश्चिम यात्रा गर्नेहरूसँगै देशभर पुग्यो । पसल थपिए, बजार बढ्दै गयो । बैजनाथ बाजे र बरमझियाको पेडा एक चर्चित 'ब्रान्ड' बन्यो । "पसल खोलेर बसेका अधिकांशले बाजेबाटै काम सिकेका हुन् तर नाम फरक राखे पनि त हुन्थ्यो । अहिले त हाम्रो पसल नै ओझेलमा पर्ने गरी ठूलाठूला अक्षरमा नाम लेखेका छन् । यसले ग्राहकहरूलाई अल्मल्याउने काम भएको छ", विवेकको गुनासो छ,"नामले मात्रै त व्यापार चल्ने होइन, बरु ग्राहकहरू अलमलमा पर्छन् । अस्वस्थ प्रतिस्पर्धा बढ्छ ।"

'पेडा भनेकै वैद्यनाथ बाजेको' भन्ने भाष्य स्थापित गर्नुभएका साह अहिले हामीमाझ हुनुहुन्न । उहाँले ११ वर्षअघि २०६९ साउन १८ गते देहत्याग गरिसक्नुभयो । त्यसपछि पसलको नाममा वैद्यनाथ झुण्ड्याउने चलन झनै बढेको छ ।

बाजेको देहावसानपछि दुई छोरामध्ये कान्छोतर्फका जेठो नाति विवेकले व्यापार सम्हालिरहनुभएको छ । विवेकको हार्डवेयर पसल पनि छ तर पेडा पसलमा बस्नुको आनन्द नै छुट्टै हुने उहाँको अनुभव छ । भन्नुहुन्छ, "पूर्वमेचीदेखि पश्चिम महाकालीका मान्छेहरू आउँछन् । तीमध्ये पहिलो पटक आएका धेरै जना अरुलाई सोध्दैसोध्दै पसलमा आइपुग्छन् । बाजे, पेडा, आम्दानी, छ्यापछ्याप्ती खुलेका पसलबारे बुझ्न खोज्छन् । त्यसैले व्यापार र चिनजान दुबै हुन्छ, यसैमा आनन्द लाग्छ ।"

साहलाई आफ्नो बाजेको नाममा ठूलाठूला होर्डिङ्गबोर्डसहित खुलेका पसलहरू देख्दा आनन्द लाग्छ तर जब ग्राहकले तपाईको पसल खोज्नै मुस्किल भयो भनेर सुनाउँछन् तब नरमाइलो लाग्छ । "कहिलेकाही आफैँ पनि बाहिर निस्केर हेर्छु मेरै पसल बिर्साउने गरी बाजेको नाममा पसल खुलेका छन् । बाजेको निधनपछि त नाम मात्रै होइन 'असली पेडा पसल' आफ्नै हो भने जसरी बोर्डमा बाजेको तस्वीर पनि राख्न थालियो", उहाँले सुनाउनुभयो,"अहिले भने हामीले पसल अगाडि बाजेको शालिक निर्माण गरेका छौ । त्यसले पसल पहिचानमा केही सहज त भएको छ तर फेरि त्यही पनि नक्कल गर्लान् कि भन्ने पीर छ ।"

एक व्यक्तिले एउटा पसलबाट सुरु गर्नुभएको पेडा व्यापार अहिले एक सयभन्दा बढीले सुरु गर्नुभएको छ । ती पसलहरूमा सयौंले रोजगारी र स्थानीय दूध उत्पादक किसानले बजार पाएका छन् । संस्थापक वैद्यनाथ बाजेको पसलमा मात्रै दैनिक पाँच सय लिटरसम्म दूधको खपत हुने गरेको छ । यहाँ सप्तरी, सिरहा, सुनसरीलगायतका जिल्लाबाट दूध सङ्कलन हुने गरेको स्थानीय व्यापारीहरूको भनाइ छ ।

**बाजेको चिन्ता**

बरमझियामा वैद्यनाथ बाजेको नामबिनाका पसल सायदै छन् । तिनै पसलको नाममा भइरहेको व्यापारले सयौ परिवारको रोजीरोटी चलिरहेको छ । उहाँ जीवितै हुँदा चलेको यो चलन उहाँको अनुपस्थितिमा अहिले झनै बढेको छ । पाँच वर्षअघि व्यापार सुरु गर्नुभएका जन्नत मन्सुरीले पनि वैद्यनाथ बाजेको नाम राखेरै पसल सुरु गर्नुभएको छ । "सबैले पसलको बोर्डमा वैद्यनाथ बाजेको नाम ठूल्ठूला अक्षरमा लेख्नुभएको छ । मैले मात्रै उहाँको नाम छुटाएमा अपमान गरेको जस्तो होला भनेर राखेको हो", मन्सुरीले भन्नुभयो,"अरु स्वार्थ त के हुन्थ्यो र ? नामले मात्रै व्यापार चल्ने होइन ।"

वैद्यनाथ बाजेले देखाएको बाटो पछ्याउँदा अहिले आफ्नै देशमा केही गरेर खान सकिएको मनसुरीको कथन छ । आफू मात्रै होइन अरु तीन जनालाई काम दिएर उहाँहरूको घरमा पनि चुल्हो बाल्ने काम यही पसलबाट भएको मन्सुरीले बताउनुभयो । "अहिले बेमौसममा पनि एक सय २० लिटर दूध किन्छौं तर सिजनमा त तीन सय लिटरसम्म किन्नुपर्छ । सोच्नुस् त त्यसमा कतिको परिश्रम र रोजिरोटी जोडिएको छ", मन्सुरीले भन्नुभयो, "स्थानीयस्तरमा रोजगारी सिर्जना गरिरहेका हामीलाई प्रोत्साहन गर्नुको सट्टा हतोत्साहित गरिन्छ । मिसावट हुन्छ भनेर हल्ला फैलाइन्छ, सबैको जिम्मा लिनसकिदैंन तर हामीले इमान्दारितापूर्वक आफ्नो कर्म गरिरहेका छौ । नभए गुणस्तर नाप्ने निकायहरू पनि छन्, परीक्षण गरे पनि भयो । किन बद्नाम गराउनु !" विवेक साहका अनुसार वैद्यनाथ बाजे जीवित हुँदा पनि यस्तै हल्ला चल्थ्यो । त्यसैकारण एकपटक आफ्नो नामको दुरुपयोग हुने चिन्ताले बाजेले स्थानीय प्रशासनमा लिखित निवेदनसहित आफ्नो नाम हटाउन र नयाँ खोल्नेलाई नाम राख्न नदिन आग्रह गर्नुभयो । प्रशासनबाट हुबहु नाम नभएकाले केही गर्न नसकिने जवाफ पाएपछि त्यो प्रचलन राकिएन, बरु निरन्तर बढिरहेको छ । "हरेक पसलमा बाजेको नामहुनु हाम्रो लागि पनि गौरब र उहाँको योगदानको सम्मान पनि हो तर बाजेलाई एउटै चिन्ता थियो कि कतै आफ्नो नाम बदनाम हुने त होइन ? अहिले हामीलाई पनि त्यही चिन्ता छ", विवेकले भन्नुभयो ।

बेलाबखत पेडामा पीठो तथा बिस्कुट मिसाइएको, धेरैदिनको बासी पेडा बेचेको जस्ता हल्ला नसुनिएका होइनन् । यस्तो सुन्दा कालिगढ डोमी साहको मन कटक्क खान्छ । "यही व्यवसायबाट हामी सबैको चुल्हो बलेको छ । बरमझियाको पेडा भनेर नेपाल र भारतमा समेत इज्जत छ । बीसौ वर्ष यसैमा बिताएका छौ । नराम्रो सुनेपछि त मन खिन्न भइहाल्छ नि", डोमीले मनको बह पोख्नुभयो, "बाजेसँगै हामीले वर्षौ लगाएर कमाएको नाम बदनाम हुन एक दिन पनि लाग्दैन । त्यसैले सबै जनाले राम्रोसँग व्यापार गरे त हुन्थ्यो । तर खै! कसको नियत कस्तो हुन्छ ? सबै इमान्दार कहाँ हुन्छन् र ?"

नाति विवेक भने पेडामा अन्य चिज मिसाउँदा लागत बढ्ने र त्यस्तो पेडा चाँडै खपत नभएमा गुणस्तर ह्रास भई लगानी खेरजाने हुँदा कसैले गलत काम गर्न नसक्ने विश्वास गर्नुहुन्छ । यदि कसैले गलत काम गरेको शङ्का लागेमा सरोकारवाला निकायले अनुगमन र प्रयोगशालामा परीक्षण गरी समस्या समाधान गर्नुपर्ने तर एकाध व्यक्ति र घटना देखाएर बरमझियाको बेइज्जत नगर्न उहाँले आग्रह गर्नुभयो ।

पेडाको ब्रान्ड स्थापना गरेका बैजनाथका दुई छोरा छन् । त्यसमध्ये कान्छोतर्फका एक नातिले बाजे वैद्यनाथको व्यापार सम्हालिरहनुभएको छ । रगतको सम्बन्धका हिसाबले नाति विवेक परिवार बाजेको उत्तराधिकारी भए पनि त्यो क्षेत्रका सयभन्दा बढी पसलेले 'पेडा बाजे' वैद्यनाथको व्यापारिक उत्तराधिकारीका रूपमा हेर्ने गरेका छन् । त्यसैकारण 'आफ्नो नाम, काम र ठाउँको बदनाम पो हुने हो कि!' भन्ने संशयसहित स्वर्गबास हुनुभएका बाजे वैद्यनाथको त्यो संशय मेटाउने दायित्व पनि यी सबै पेडा व्यवसायीको हो । रासस

# कृत्रिम खुट्टाको सहारामा हिंड्न पाउँदाको खुसी

महोत्तरी । बर्दिबासमा कृत्रिम खुट्टा जडानपछि टकटक हिड्दै छिमेकको धनुषा जिल्लाको मिथिला नगरपालिका-५ ढल्केवरका ८१ वर्षीय सूर्यदेव महतोले उत्साहित हुँदै भन्नुभयो "बौवा, आब लगैय, जे ऐखनो किछ क सकैछी (बाबु, अब लाग्दैछ, अझै केही गर्नसक्छु)।" बत्तीस वर्षअघि कुटानी पिसानी मिलको फित्तामा बेरिएर देब्रे खुट्टा गुमाउनु भएका उहाँले अब गऱ्हुङ्गो काम गर्न नसकेपनि खेतबारी हेरचाह र घर ओरपरका काम सजिलै गर्नसक्ने बताउनुभयो ।

"हेर्नुस न, केही अप्ठ्यारो छैन, सजिलै हिडीरहेछु सोमबार साँझ कृत्रिम खुट्टा जडानपछि केहीबेर हिँडेर देखाउँदै उहाँले भन्नुभयो, "अब फेरि ३२ वर्षपछि घरब्यवहारका काममा लाग्नसक्छु भन्ने विश्वास जागेको छ । " छिमेकि मुलुक भारतकी २५ वर्षीया कौशल्या पाण्डेलाई पनि बर्दिबासमा कृत्रिम खुट्टा जडानपछि हिँड्न पाउँदा जीवनमा के केन पाए झैं भएको छ । "मैले कहिल्यै सोच्न सकेकी थिइन, कुनै दिन दुबै गोडा चालेर हिडौंला भनेर", सोमबार नै बर्दिबासमा देब्रे गोडामा कृत्रिम खुट्टा जडानपछि पिता रघुवीर पाण्डेसँगै हिड्दै भेटिनुएकी उहाँले भन्नुभयो, "अब लाग्दैछ, जीवनमा धेरै कुरा गर्न पाइन्छ र सकिन्छ ।" भारतको बिहारस्थित सीतामढी जिल्लाको सोनबरसा निवासी कौशल्याले मङ्गलबार बिहान कृत्रिम खुट्टा जडानका लागि बर्दिबास आइपुग्दा यहाँ नेपालीबाट पाएको स्नेह र आत्मीयताले उच्च मनोवलका साथ केही गर्नसक्छु भन्ने आँट बोक्दै घर फर्कन लागेको बताउनुभयो ।

लाउँलाउँ खाउँखाउँको १८ वर्षे उमेरमा क्यान्सरले गाँजेर १८ वर्षअघि देब्रे गोडा काट्नुपरेका सर्लाहीको मलङ्गवा-३ का २६ वर्षीय रैजुल बैठाले कृत्रिम खुट्टा लगाएर मज्जाले हिड्न पाइएको खुसीमा आँसुबाट आँसु झार्नुभयो । "किशोर उमेरमै क्यान्सरले गाँज्यो, खुट्टा काटियो" उहाँले भन्नुभयो, "मंगलबार १८ वर्षपछि फेरि दुबै खुट्टा टेकेर हिँड्ने भएको छु ।" महतो, पाण्डे र बैठासँगै सोमबार साँझसम्म नौ जनामा कृत्रिम खुट्टा र दुई जनामा कृत्रिम हात जडान गरिएका थिए । हात गोडा नहुँदा आफ्नो जीवन र परिवारजनका लागि बोझ बनिरहेका बेला कृत्रिम हातखुट्टा जडानले नयाँ आशा जगाएको सेवा लिनेले बताए ।



"सोमबार साँझ त खुट्टा हालियो, अहिले हेर्नोस् फटाफट हिँड्दैछु" पाँचथरदेखि खुट्टा जडानका लागि आउनुभएका सुवाङ्ग-५ का ६० वर्षीय सन्तबहादुर तामाङ्ले भन्नुभयो, "आफैँलाई बोझिलो लाग्दै आएको जीवनले फेरी नयाँ आस पलाइदियो ।" पाँच वर्ष पहिलेको सडक दुर्घटनाले दाहिने खुट्टा गुमाउनुभएका तामाङ्ले यो शिविर जीवनदायिनी बुटी भएको बताउनुभयो । गत आइतबार सुरु भएको कृत्रिम हातखुट्टा जडान शिविरमा नौ जनाको कृत्रिम खुट्टा र दुईजनामा कृतिम हात जडान भइसकेको आयोजक संस्था रोटरी क्लव अफ बर्दिबासले जनाएको छ ।रासस

# दक्ष जनशक्ति उत्पादन गर्ने गरी पढाउनुपर्छ : सचिव पोखरेल

चितवन । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डा रोशन पोखरेलले स्वास्थ्य क्षेत्रमा आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्ने गरी पढाइ हुनुपर्ने बताउनुभएको छ ।

भरतपुर अस्पतालको मंगलबार यहाँ अनुगमनपछि सञ्चारकर्मीसँग कुरा गर्दै उहाँले भोलिका दिनमा आवश्यकता अनुसारका दरबन्दी सिर्जना गर्दै जाँदा त्यो दरबन्दीमा जनशक्ति नपाइने हो कि भन्ने चिन्ता रहेको बताउनुभएको हो । आवश्यकताका आधारमा चिकित्सा शिक्षा आयोगले पढाएका विषयलाई स्वास्थ्य मन्त्रालयसँग समन्वय गरेर स्वास्थ्यसम्बन्धी विषय पढाइदिओस् भन्ने आफूहरूको मान्यता रहेको उहाँले बताउनुभयो । स्वास्थ्य क्षेत्रमा जनशक्तिको अभाव हुनसक्ने भन्दै उहाँले स्वदेशमै स्वास्थ्यका जनशक्ति उत्पादन गर्नुपर्ने बताउनुभयो ।

सचिव डा पोखरेलले चिकित्सा शिक्षा ऐन संशोधन राजनीति विषय भएको भन्दै चिकित्सा शिक्षा आयोग, शिक्षामन्त्री, स्वास्थ्यमन्त्री बसेर छलफल गर्नुपर्ने बताउनुभयो । चिकित्सा शिक्षा ऐनमा केही परिवर्तन गर्नुपर्छ भन्ने कुरा आएको भन्दै उहाँले भन्नुभयो, "स्वास्थ्य मन्त्री र शिक्षा मन्त्रीको पनि परिवर्तन गर्नुपर्छ भन्ने चाहना छ ।"

फरक प्रसङ्गमा उहाँले स्वास्थ्य बीमा निजी अस्पतालमा समेत सञ्चालन गर्न कोपेमेन्ट (बिरामीले समेत केही रकम तिर्ने गरी) जानुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "स्वास्थ्य बीमा नेपाल सरकारको कार्यक्रम हो, निजीले लिने होइन ।" उहाँले हालकै अवस्थामा बीमा निजीलाई दिन नहुने भन्दै बीमामा को-पेमेन्टको व्यवस्था गरेर, निजीमा एउटा को-पेमेन्ट र सरकारीले अर्को को-पेन्टको हिसाबले चलाउनुपर्छ भन्ने मान्यता रहेको बताउनुभयो ।रासस

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : अवसर प्राप्त । |
| बृष | : धन बृद्धि सञ्चय । |
| मिथून | : पारिवाहिक सुख । |
| कर्कट | : बौद्धिक क्षमता । |
| सिंह | : प्रतिभा सम्पन्नता । |
| कन्या | : वाद विवादबाट बच्नु । |
| तुला | : सुख समृद्धि हुने । |
| वृश्चिक | : पुरस्कार प्राप्त लाभ । |
| धनु | : नयाँ कार्य हुने । |
| मकर | : प्रेम प्रसंग, मित्र सुख । |
| कुम्भ | : भ्रमण अवसर हुने । |
| मीन | : शिक्षामा उन्नति । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# जनकपुरधाममा भूमि लोक महोत्सव हुने

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा भूमि लोक महोत्सव हुने भएको छ । सांगितिक पर्यटन प्रवर्द्धनमा योगदान पुऱ्याउने उद्देश्यले पहिलो पटक जनकपुरधाममा अन्तर्राष्ट्रियस्तरको सांगितिक प्रस्तुति कार्तिक १७ गते शुक्रबारको दिन गर्ने भुमि मिडियाले जनाएको छ ।

मंगलबार पत्रकार सम्मेलनको आयोजना गर्दै भूमि मिडियाका संस्थापक निर्देशक रञ्जन झाले भूमि लोक महोत्सव जनकपुरधाम स्थित तिरहुतिया गाछीमा आयोजना गरिने र यसका लागि आन्तरिक तयारीमा जुटेको बताए । महोत्सवमा मिथिला क्षेत्रको गीत-संगीत तथा साधकहरुको प्रवर्द्धन गर्दै लोपोन्मुख परम्परागत सांगितिक विधाको संरक्षणमा समेत महत्वपुर्ण योगदान पुऱ्याउने उद्देश्य रहेको उनले स्पष्ट पारे ।

यस भुमि लोक महोत्सवमा ख्यातिप्राप्त संगित साधकहरुलाई समेत जनकपुरधाममा भेला गराइने छ भने महोत्सव अवधिभर मधेश र मिथिलाको झल्को दिने गरी विभिन्न लोक झाँकी प्रदर्शन गरिने आयोजकले जनाएको छ ।

# विश्वासको मतसम्बन्धी विवाद हेर्दाहेर्दैमा

काठमाण्डु । कोशी प्रदेशका मुख्यमन्त्री उद्धव थापाले लिएको 'विश्वासको मत' विरुद्ध परेको रिट निवेदनको सुनुवाइ हेर्दाहेर्दैमा राखिएको छ। आजदेखि सुरू भएको सुनुवाइ समय अभावका कारण हेर्दाहेर्दैमा राखिएको हो ।

न्यायाधीशत्रय सपना मल्ल प्रधान, कुमार चुडाल र नहकुल सुवेदीको इजलासमा आज सुनुवाइ प्रारम्भ भए पनि समयाभावका कारण पूरा हुन सकेन । नेकपा (एमाले) कोशी प्रदेश संसदीय दलका नेता हिक्मतकुमार कार्कीले पर्शुराम खापुङ, मुख्यमन्त्री थापालगायतलाई विपक्षी बनाई रिट दायर गर्नुभएको थियो । न्यायाधीश ईश्वरप्रसाद खतिवडाले यही भदौ ७ गते मुख्यमन्त्रीले विश्वासको मत लिँदा प्रक्रिया मिलेको नदेखिएको उल्लेख गर्दै दीर्घकालीन निर्णय नगर्न प्रदेश सरकारका नाममा अन्तरिम आदेश जारी गरेको थियो । कोशी प्रदेशका मुख्यमन्त्री थापाले यही भदौ ४ गते प्रदेशसभाबाट विश्वासको मत लिनुभएको थियो ।रासस

# 'मानव बेचबिखन अपराधका स्वरुप परिवर्तन हुँदैछन'

काठमाण्डु । सङ्गठित अपराधका रूपमा रहेको मानव बेचबिखन तथा ओसार पसारसम्बन्धी अपराधको स्वरुप परिवर्तन हुँदै गएको सरोकारवालाले बताएका छन् ।

परिर्वतनका लागि सहकार्य नेपालद्वारा मंगलबार यहाँ आयोजित 'बेचबिखनमा प्रभावितको अधिकार र क्षतिपूर्तिमा पहुँच'सम्बन्धी अन्तरक्रियामा मानव बेचबिखन तथा अनुसन्धान ब्यूरोका प्रहरी नायब उपरीक्षक रञ्जन अवाले विगतमा अधिकांश विपन्न परिवार मानव बेचबिखनको सिकार बन्ने गरेकामा पछिल्लो समय धनी वर्गसमेत पर्न थालेको बताउनुभयो। "पहिले दुर्गम क्षेत्रका विपन्न परिवारका विशेषगरी महिला र बालिका बेचबिखनमा पर्ने गरेकामा पछिल्लो समय धनी वर्ग र जुनसुकै उमेर समूहका व्यक्ति बेचबिखनको सिकार हुने गरेका छन्", उहाँले भन्नुभयो ।

उहाँले मानव बेचबिखनको मामिलामा प्रहरी सजग भइरहेको बताउँदै स्वयम् पीडितबाट मात्र यससम्बन्धी मुद्दाको उठान हुनाले पीडितको सङ्ख्या बढी भए पनि उजुरी भने कम परेको बताउनुभयो । "मानव बेचबिखन तथा ओसारपसारमा पीडितको आफन्त नै सङ्लग्न हुँदा सामाजिक प्रतिष्ठामा आँच आउने डरले उजुरी कम आएको हो", उहाँले भन्नुभयो ।

पछिल्लो समयमा नेपाल-भारतको खुल्ला सिमानामा साथै त्रिभुवन विमानस्थलबाट पनि मानव बेचबिखन तथा ओसार पसारका गतिविधि भइरहेको उहाँको भनाइ छ ।

कानुन, न्याय तथा मानव अधिकार समिति सभापति बिमला सुवेदीले आवश्यकता र मागअनुसार मानव बेचबिखन सम्बन्धमा कानुनी छलफल भए पनि त्यो पर्याप्त नभएको बताउनुभयो ।

महान्यायाधिवक्ताको कार्यालयका उपन्यायाधिवक्ता बिना दाहालले यौन शोषणमा मात्रै ५९ प्रतिशत मानव बेचबिखन भएको बताउनुभयो । सूचनाको अभावका कारण पीडितले न्याय पाउन कठिनाइ भइरहेको बताउँदै पीडित पहिचान मार्गदर्शन आउनुपर्नेमा उहाँले जोड दिनुभयो। सङ्गठित अपराधको सञ्जालमा रहेको मानव बेचबिखन विरुद्धमा अनुसन्धान पुग्न नसकेको उहाँको भनाइ छ ।

सांसद शेरबहादुर कुँवरले मानव बेचबिखन तथा ओसार पसारसम्बन्धी कानुनलाई एकीकृत कानुनको आवश्यक रहेको बताउनुभयो । सांसद चन्द्रबहादुर विकले मानव बेचबिखन आर्थिक, सामाजिकसँग जोडिएको विषय रहेकाले कानुनका अलवा सामाजिक सशक्तिकरण, सचेतना सुदृढ बनाउनुपर्नेमा जोड दिनुभयो।

सांसद गोमा सापकोटाले मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी व्यवस्थालाई व्यवहारमा ल्याई नागरिकलाई न्यायको अनुभूति दिलाउनतर्फ उन्मुख हुनुपर्ने बताउनुभयो। परिर्वतनका लागि सहकार्य नेपालका कार्यकारी निर्देशक इन्दिरा घलेले मानव बेचबिखन तथा ओसारपसारबाट पीडित भएका व्यक्तिले आफ्नो अन्यायविरुद्ध आवाज बुलन्द बनाइराख्नुपर्नेमा जोड दिनुभयो । महिला अधिकारकर्मी चरिमाया तामाङले तीनै तहको सरकार मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा प्रभावकारी रूपमा सक्रिय रहनुपर्ने भन्दै विदेशस्थित नेपाली राजदूतावासमा मानव बेचबिखनविरुद्ध एकाइ बनाउन आवश्यक रहेको बताउनुभयो ।रासस

# वृद्धहरुको सम्मान

**राजेन्द्र यादव**



जनकपुरधामाविसं२०५३सालमा जनकपुरधाम उपमहानगरपालिका -८ स्थित जानकी वृद्धा आश्रम स्थापना भइ निरन्तर हालसम्म सञ्चालनमा रहेका छन् । विभिन्न जिल्ला र समुदायका वृद्धाहरुको आश्रय रहेको आश्रमको सरदर क्षमता ५० जना रहेकोमा हाल १८ जना आमाले आश्रय लिइरहेकी छन्।

सामान्यतः परिवारबाट विभिन्न कारणले विमुख भइ वृद्धा आश्रममा आश्रय लिइ बस्दै आइरहेकी आमाहरुलाई मध्यनजर गर्दै नेपाल निजामती कर्मचारी युनियन प्रदेश कार्यसमिति मधेश प्रदेशले नेपाल निजामती कर्मचारी युनियन स्थापना दिवसको अवसरमा आवश्यक खाद्य लगायतका दैनिक जीवनमा प्रयोग गर्ने अन्य सामग्रीहरु वितरण गरेको छ।

नेपाल निजामती कर्मचारी युनियनका केन्द्रीय उपाध्यक्ष एवम मधेश प्रदेश कार्यसमितिका अध्यक्ष राज किशोर राउतले मानव सेवा ठूलो धर्म हो भन्ने भावलाई अंगीकार गर्दै धेरै नभए पनि थोरै सहयोगले पनि आश्रममा रहेकी वृद्ध आमाहरुको लागि उत्प्रेरक हुने विश्वास व्यक्त गरे ।

कार्यक्रममा प्रदेश कार्यसमितिका उपाध्यक्ष मनोज कुमार ठाकुर, सह सचिव विष्णुदेव यादव धनुषा जिल्लाका अध्यक्ष धर्मराज पौडेल, केन्द्रीय कानुन तथा न्याय विभागका सदस्य संजय कुमार अधिकारी, नेपाली काग्रेस धनुषाका युवा नेता सुरेश कोईराला लगायतका युनियनकर्मीहरुको सहभागिता रहेको थियो । वृद्ध अवस्थामा समाजले समेत वास्ता नगर्दा वृद्धहरू केवल बाँच्नका लागि मात्र आश्रममा आउने गरेको वृद्धा आश्रममा आश्रय लिइरहेकी आमाहरु बताउँछिन् ।

आमाहरुको यो क्रन्दनले जसलाई पनि गहभरि आँसु नझरि रोकिदैन । नेपाल निजामती कर्मचारी युनियन केन्द्रीय संगठन तथा प्रशिक्षण विभागका सदस्य देव कुमार यादवले वृद्धा आश्रममा रहेकी १८ जना वृद्ध आमाहरुको लागि सम्मान स्वरुप १८ किलो स्याउ, ९ किलो दाममोठ, १८ किलो सर्फ, १८ पिस नवरतन तेल, ३६ पिस सावुन, १८ दर्जन विस्कुट, १८ प्यककेट अगरवती समेत गरी ७ प्रकारका खाद्य लगायतका दैनिक प्रयोग हुने सामग्रीहरु वितरण गरेका थिए ।

# दिवसको अवसरमा भोजन

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल निजामती कर्मचारी युनियनको स्थापना दिवसको अवसरमा मानव सेवा आश्रम वीरगञ्जमा रहेकाहरुलाई भोजन गराइएको छ।

कर्मचारी युनियनका केन्द्रीय उपाध्यक्ष अशोककुमार रौनियारका प्रमुख आतिथ्य तथा नेपाल निजामती कर्मचारी युनियनका पर्सा जिल्ला अध्यक्ष विजय गुप्ताको अध्यक्षतामा सम्पन्न भएको सो भोजन कार्यक्रममा आश्रममा रहेकाहरुलाई भोजन गराइएको थियो ।

# वीरगन्जमा घर पहिचान गर्न 'मेट्रिक' प्रणाली सुरु

वीरगन्ज । वीरगन्ज नगरपालिकाले नगरवासीका घर सहजै पहिचान गर्न वैज्ञानिक ठेगाना प्रणाली (जिआइएस बेस्ड हाउस नम्बरिङ)को सुरुआत गरेको छ। बढ्दो सहरीकरणसँगै घर सङ्ख्या बढ्दै गएकाले घर पहिचानमा सहज होस् भन्ने उद्देश्यले महानगरपालिकाले मेट्रिक ठेगाना प्रणालीको थालनी गरेको हो । नगरपालिकालाई व्यवस्थित र स्मार्ट नगरका रूपमा विकास गर्न यो प्रणालीले टेवा पुऱ्याउने महानगरका प्रमुख राजेशमान सिंहले बताउनुभयो।



महानगरको आरयुडिपी प्रोजेक्टअन्तर्गत एडिबीको सहयोगमा यो प्रणाली सुरु गर्न लागिएको हो । गणकले आवश्यक तथ्याङ्क सङ्कलन गरी त्यसका आधारमा मेट्रिक ठेगाना प्रणाली बनाउने गर्छन् । वीरगन्ज महानगरपालिकाको वडा नं १० आदर्शनगरमा रहेको नेपाल इन्भेस्टमेन्ट मेघा बैंक रहेको भवनमा महानगरप्रमुख सिंहले नम्बरप्लेट टाँस गरी मेट्रिक ठेगाना प्रणाली सुरुआत गर्नुभएको छ ।

आदर्शनगर चोकबाट ठाकुरराम क्याम्पससम्मको सडकलाई पशुपति घोषमार्ग नामकरण गरी दुई सय ३० नम्बरको नम्बरप्लेट टाँस गरिएको छ । सडकको चोक तथा मिलनविन्दु (दोबाटो र चौबाटो)देखि कुनै निश्चित घरको दूरी (लम्बाइ)का आधारमा घरको ठेगाना पत्ता लगाउन सकिने प्रणाली मेट्रिक ठेगाना प्रणाली हो। उक्त दूरीलाई आधार मानेर घरको नम्बर, टोल र बाटोको नाम उल्लेख गरी सोही आधारमा घर-घरमा नम्बरप्लेट राखिने महानगरका प्राविधिक सल्लाहकार प्रकाश अमात्यले जानकारी दिनुभयो।

पहिलो चरणमा महानगरको वडा नं १ देखि १६ सम्म जिआइएस बेस्ड हाउस नम्बरिङ गर्नका लागि सर्भे गरी सबै सडकको नामकरण गर्नुका साथै आवश्यक डाटाबेस तयार पारिसकिएको जिआइएस विज्ञ उमेश कुँवरले बताउनुभयो । आवश्यक डाटाबेसका आधारमा सडकको सुरु विन्दुबाट दायाँतर्फ जोर नम्बर र बायाँतर्फ बिजोर नम्बर प्रणालीका आधारमा नम्बरिङ गरिने पनि उहाँले बताउनुभयो ।

पशुपति घोषमार्गमा आजै ५५ घरमा नम्बरिङ गरिएको छ । १६ वटै वडाको करिब ३३ हजारभन्दा बढी घरमा नम्बरिङ गर्ने गरी तयारी भएको र पहिलो चरणमा कम्तीमा १० हजार घरमा मेट्रिक प्रणालीसहितको नम्बरप्लेट वितरण गर्ने महानगरको लक्ष्य रहेको प्राविधिक सल्लाहकार अमात्यको भनाइ छ । यो प्रणालीमा सडक-गल्लीको नाम र दूरीको आधारमा घर नम्बर प्रदान गरिने भएकाले जो-कोहीले खोजेको घर सहजै पत्ता लगाउन सक्ने जिआइएस टेक्निसियनसमेत रहेका सबइन्जिनियर अर्चन आचार्यले बताउनुभयो ।

**अवैधरूपमा सञ्चालित थप दुई कलेजमा सिलबन्दी**

वीरगन्ज महानगरपालिकाले थप दुईवटा कलेजमा सिलबन्दी गरेको छ। अवैधरूपमा सञ्चालित शैक्षिक संस्था बन्द गराउने अभियान सुरु गरेको महानगरपालिकाले पछिल्लोपटक वडा नं १६ स्थित अन्नपूर्ण कलेज र वडा नं ११ स्थित युनिभर्सल एकेडेमी कलेजमा सिलबन्दी गरेको हो । अन्नपूर्ण कलेज श्रीमाइस्थान बाल विद्या मन्दिर इन्दु लाखे आधारभूत विद्यालय गहवामा अवैधरूपमा सञ्चालित गरेकाले सिलबन्दी गरिएको महानगरपालिकाद्वारा गठित नियमन समितिका संयोजक ईश्वरचन्द्र यादवले जानकारी दिनुभयो ।रासस

# रेडक्रस सोसाइटीका संस्थापक सदस्य डा दासलाई सम्मान

काठमाण्डु । नेपाल रेडक्रस सोसाइटी काठमाडौँ शाखाले नेपाल रेडक्रस सोसाइटीका संस्थापक सदस्य डा गौरीशङ्कर लाल दासलाई सम्मान गरेको छ।

नेपाल रेडक्रस सोसाइटीको ६१औँ स्थापना दिवसका अवसरमा मंगलबार यहाँ आयोजित कार्यक्रममा एक सय वर्षीय डा दासलाई सम्मान गरेको हो । उहाँलाई नेपाल रेडक्रस सोसाइटीका केन्द्रीय सभापति सुदर्शनप्रसाद नेपाल र काठमाडौँ महानगरपालिकाका प्रवक्ता नवीन मानन्धरले दोसल्ला ओढाएर सम्मानपत्रद्धारा सम्मान गर्नुभयो ।

कार्यक्रममा सोसाइटीका केन्द्रीय अध्यक्ष नेपालले रेडक्रसले विभिन्न आरोह-अवरोह गर्दै अहिलेको अवस्थामा आएको भन्दै यसलाई अगाडि बढाउन आफू प्रतिबद्ध भएर लाग्ने विश्वास व्यक्त गर्नुभयो । रेडक्रसप्रतिको लगनशीलता र इमान्दारितालाई अगाडि बढाउने उहाँको भनाइ छ । "मानवताको सेवाका लागि हामी निरन्तर लाग्छौँ", उहाँले भन्नुभयो। अध्यक्ष नेपालले आफू अध्यक्ष भएर आएपछि वार्षिक साधारणसभा सम्पन्न गरेकाले अब संस्थालाई नवीकरण गर्ने, विधान संशोधन गरेर अगाडि बढ्ने बताउनुभयो । संस्थालाई सुमधुर वातावरणमा असल नियतले काम गरेर अगाडि बढाउने उहाँको भनाइ छ । "हामी सबैको एउटै मिसन र धारणा छ, हामी संस्थालाई पूर्णरूपमा मानव सेवामा लगाउँछौँ", उहाँले भन्नुभयो।

काठमाडौँ महानगरपालिकाका प्रवक्ता एवं काठमाडौँ महानगरपालिका वडा नं १७ का वडाध्यक्ष मानन्धरले नेपालमा रेडक्रस स्थापनामा डा दासको भूमिका महत्वपूर्ण रहेको बताउनुभयो। "व्यक्तिको कारणले रेडक्रसमा दाग आउने काम गर्न दिन हुँदैन, मेरो कारणले रेडक्रसलाई बदनाम गर्न दिन्न भन्ने प्रतिबद्धता सबै रेडक्रसमा आबद्ध सदस्यले गर्नुपर्छ", उहाँले भन्नुभयो । उहाँले रेडक्रसलाई हरेकको मन-मनमा ल्याउने काममा लाग्न सबै लाग्नुपर्ने बताउनुभयो । विसं २०७२ को विनाशकारी भूकम्पको समयमा रेडक्रसले खेलेको भूमिका सराहनीय रहेको उहाँको भनाइ छ । डा दासलाई काठमाडौँ महानगरपालिकाले सहयोग गर्ने प्रवक्ता मानन्धरले बताउनुभयो। सम्मानित व्यक्तित्व डा दासले काठमाडौँ शाखाले आफ्नो योगदान सम्झेर सम्मान गरेकामा धन्यवाद व्यक्त गर्नुभयो ।

सोसाइटीका कार्यवाहक महामन्त्री मनोजकुमार थापा, सोसाइटीका केन्द्रीय कोषाध्यक्ष वीरबहादुर बस्नेत, सोसाइटी बागमती प्रदेशका उपमहासचिव राजेन्द्र बानियाँलगायतले देशभर नेपाल रेडक्रस सोसाइटीको अभियानलाई अगाडि बढाउन डा दासको महत्वपूर्ण भूमिका रहेको बताउनुभएको थियो।

कार्यक्रममा सोसाइटी काठमाडौँ शाखाका सभापति श्यामकाजी डोटेलले विश्वमा रेडक्रस स्थापना भएको एक सय वर्षपछि नेपालमा स्थापना भएको रेडक्रसले मानवतासँग जोडिएका हरेक क्षेत्रमा काम गर्दै आएको उल्लेख गर्नुभयो ।रासस

# त्रिभुवन विश्वविद्यालयमा स्वचालित प्रणाली लागू

काठमाण्डु । त्रिभुवन विश्वविद्यालयले सेवा प्रणालीलाई छिटो, छरितो र प्रभावकारी बनाउन आफ्ना सबै निकायका कार्यालयमा विद्युतीय प्रशासन (स्वचालित प्रणाली) लागू गरेको छ।

अब त्रिविमा सम्पूर्ण कार्यालयमा हुने दर्ता, चलानी, टिप्पणी, पत्रव्यवहार, परिपत्र र निर्णयका लागि माथिल्लो निकायमा पेस गरिने कागजात स्वचालित प्रणालीमार्फत सम्पादन हुनेछन् । त्रिवि केन्द्रीय कार्यालयमा सो प्रणाली गत साउन १ गतेदेखि नै लागू भएको थियो । हालसम्म पाँच सय २९ युजर आइडी कार्यान्वयमा छन् ।

विश्वविद्यालयका उपकुलपति प्राडा धर्मकान्त बास्कोटाले कीर्तिपुरस्थित रजिष्ट्रार कार्यालयमा स्वचालित प्रणालीको विधिवत शुभारम्भ गर्नुभएको हो । सो अवसरमा उहाँले त्रिविलाई कागजविहीन प्रशासनका रूपमा स्तरोन्नति गर्ने आफ्नो महत्वपूर्ण लक्ष्य पूरा भएको उल्लेख गर्दै प्रविधि कार्यालयको अनिवार्य जीवन प्रणाली बनिसकेकाले सेवा प्रणालीलाई थप व्यवस्थित, सुदृढ र प्रभावकारी बनाउन कार्यालय स्वचालित प्रणाली सफल हुने अपेक्षा व्यक्त गर्नुभयो ।रासस


USAID | NEPAL
FROM THE AMERICAN PEOPLE

**आव्हान: USAID Community Justice को लागि प्रस्ताव आव्हान नम्बर 72036723RFA00009**

नेपालस्थित अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (USAID) ले मधेश र लुम्बिनी प्रदेशमा "USAID Community Justice" नामक सम्भावित् नयाँ कार्यक्रमको कार्यान्वयनका लागि सूचना नेपालमा सञ्चालित स्थानीय संघ संस्थाहरूबाट प्रस्ताव आव्हान गर्दछ । नेपालमा सञ्चालन गर्न वैधता पाएको स्थानीय संघ संस्थाहरूबाट आएको प्रस्तावहरू मात्र स्वीकार गरिनेछ ।

- न्यायमा पहुँच र महिला, युवा र सिमान्तकृत समूहहरूमा न्यायीक वितरण सुधारका लागि स्थानीय न्यायीक निकायहरूको क्षमता र न्यायीक क्षेत्रको समन्वय र सुपरिवेक्षण सबल गर्ने ।
- महिला, युवा र सिमान्तकृत समूहहरूमा समुदायको कानूनी शिक्षा, स्थानीय न्यायीक क्षेत्रको जवाफदेहिता र निःशुल्क कानूनी सेवामा पहुँचको सुधारका लागि नागरिक समाजको क्षमता सबल गर्ने ।

स्थानीय संस्थाहरूलाई उक्त प्रस्ताव आव्हानसम्बन्धी विवरण www.grants.gov मा अनुरोध नम्बर "72036723RFA00009" खोजी गरेर हेर्न सकिन्छ । प्रस्ताव आव्हान यस लिङ्कबाट https://www.grants.gov/web/grants/search-grants.html?keywords=72036723RFA00009 हेर्न र डाउनलोड गर्न प्रोत्साहित गरिन्छ ।

यसबाहेक उक्त प्रस्ताव आव्हानमा कहिलेकाहीं संशोधन भएमा यसै वेबसाइटमा पोस्ट गरिनेछ। USAID ले तपाईंलाई नियमित रूपमा www.grants.gov वेबसाइटमा गई प्रस्ताव आव्हानमा गरिएका परिमार्जनहरू हेर्न पनि सल्लाह दिन्छ ।

USAID लाई प्रस्ताव आव्हानमा निर्दिष्ट गरिए अनुसार निर्धारित मिति र समयमा प्रस्तावहरू प्राप्त भएको सुनिश्चित गर्न प्रस्तावकहरू आफै जिम्मेवार हुनेछन् । ढिलो गरी प्राप्त भएका प्रस्तावहरू स्वीकार वा मूल्याङ्कन गरिने छैन ।

USAID ले सन् २०२३ सेप्टेम्बर २६, जनकपुरमा र सेप्टेम्बर २८, भैरहवामा इच्छुक संस्थाहरूलाई प्रस्तावसम्बन्धी जानकारी र प्रस्तावमा उल्लेखित निर्देशनहरूका सम्बन्धमा कुनै पनि प्रश्न वा चासोको उत्तर दिन प्रस्ताव पूर्व तयारी सम्मेलन राख्नेछ। यसले प्रस्तावकहरूलाई प्रस्ताव आव्हानको खण्ड D र E मा उल्लेख भएअनुरूपको अवधारणापत्र (Concept Paper) बुझाउन सहयोग पुग्नेछ। यदि उक्त प्रस्ताव पूर्व तयारी सम्मेलनमा उपस्थित हुन इच्छुक हुनुहुन्छ भने, कृपया प्रस्ताव आव्हानमा समावेश निर्देशन अनुसार नाम दर्ता गर्नुहोस् ।

**इच्छा व्यक्त गर्नुभएकोमा अग्रिम धन्यवाद ।**



USAID | NEPAL
FROM THE AMERICAN PEOPLE

**Announcement: USAID Community Justice Notice of Funding Opportunity No. 72036723RFA00009**

The United States Agency for International Development (USAID) Mission to Nepal seeks applications from local organizations operating in Nepal to provide services as detailed in the attached Notice of Funding Opportunity (NOFO) called "USAID Community Justice". Responses will only be considered from local organizations who are authorized to operate in Nepal.

USAID Community Justice serves to improve equitable justice sector service delivery for women, youth, and marginalized groups in targeted communities. The activity is intended to contribute to USAID/Nepal's Country Development Cooperation Strategy (CDCS) goal of "a more self-reliant, prosperous and inclusive Nepal that delivers improved democratic governance, health, and education outcomes". In order to achieve this goal, USAID/Nepal's CDCS emphasizes the need to address federalism, inclusion, and resilience.

**The USAID Community Justice objectives are to:**

- Strengthen local judicial institutional capacity and justice sector coordination and oversight to improve access to justice and justice delivery for women, youth, and marginalized groups; and
- Strengthen civil society capacity to improve community legal literacy, local justice sector accountability, and access to legal aid for women, youth, and marginalized groups.


Local organizations are encouraged to view and download the funding opportunity at www.grants.gov by searching the funding opportunity number "72036723RFA00009" or view and download the funding opportunity at: https://www.grants.gov/web/grants/search-grants.html?keywords=72036723RFA00009.

Further, amendments to funding opportunities are occasionally issued and will be posted on the same website; USAID advises you to regularly check the www.grants.gov website for amendments to the NOFO.

Applicants are responsible for ensuring applications are received by USAID by the due date and time as specified in the NOFO. Late submissions will not be considered or evaluated.

USAID will also host a pre-application conference in Janakpur on September 26, 2023 and in Bhairahawa on September 28, 2023 to provide information to the interested parties and to answer questions/concerns regarding the NOFO's requirements. This will help applicants to prepare and submit a concept paper in response to the NOFO. If interested in attending, please register according to the instructions contained in the NOFO.

**Thank you in advance for your interest.**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# द्वन्द्वकालीन मुद्दा

माओवादीको सशस्त्र द्वन्द्वको क्रममा नेपालीले अकल्पनीय पीडा भोगेका छन् । १७ हजार भन्दा बढी मानिसहरुको ज्यान गएको त्यो द्वन्द्वका पीडितहरु अझै पीडा मुक्त भइसकेका छैनन् । द्वन्द्वमा माओवादी, सर्वसाधारण, कर्मचारी, सुरक्षाकर्मी लगायत सबै पक्षका मानिसहरुको हत्या भयो । हजारौ मानिस वेपत्ता बनाइए । वेपत्ता मानिसहरुको खोजीका लागि गठन भएको आयोगको म्याद मात्र थपिने काम भइरहेको छ । माओवादीले जनयुद्ध लडेर देशमा संघीयता, संविधानसभाबाट संविधान र गणतन्त्र स्थापना गरिसकेको छ । त्यसलाई संस्थागत गर्न धेरै काम गर्न बाँकी नै छ । संघीय गणतन्त्र विरुद्ध देशमा सशक्त शक्ति सकृय छ । मौका पाउनासाथ देशमा हाल रहेको व्यवस्था बदलिन सक्ने उच्च जोखिम छ । संघीयता पक्षधरहरुले त्यसलाई राम्ररी बुझेका छन् । द्वन्द्वकालीन मुद्दालाई ब्यूताएर फेरि द्वन्द्वको घाउलाई खोतल्नु उपयुक्त होइन् । माओवादी र माओवादी विरोधी तत्कालीन समयमा रहेकाहरु मध्ये अहिले धेरै परस्पर सहयोगी भइसकेका छन् । एउटा दलमा आबद्ध छन् । साझा सरकार बन्ने गरेको छ । माओवादी सुप्रिमो प्रचण्डको टाउकाको मोल तोक्ने तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको समर्थनमा प्रचण्ड देशका प्रधानमन्त्री हुन् । माओवादी जनयुद्धमा दोस्रो प्रमुख व्यक्ति रहेका डा.बाबुराम भट्टराई अलगै पार्टी बनाएका छन् । कयौं माओवादी वरिष्ठ नेताहरु एमालेमा समाहित भइसकेका छन् । द्वन्द्व पीडितहरु पनि माओवादीमा समावेश भएका छन् । जनयुद्ध अब इतिहासमा सीमित भएको छ । त्यसको उपयोगिता, औचित्यमाथि बहस अझै सकिएको छैन् । त्यो निरन्तर चलिरहनेछ । जनयुद्धलाई राज्यले स्वीकार गरिसकेपछि एक प्रकारले त्यो विवादको अन्त्य हुनुपर्ने हो । राज्यले स्वीकार गरे पनि त्यसको बिरोधमा बोल्नेहरुको स्वर कमजोर पनि छैन् । त्यसकारण अब द्वन्द्वलाई ब्यूताउनु हुँदैन् । रौतहट जिल्लाको राइस मिल काण्ड पनि अहिले चर्चामा आएको छ । सरकारले पीडित पक्षसित गरेको सहमतिमा घटनाको छानबिन गरी कारबाही गरिने उल्लेख छ । त्यस विरुद्ध जनता समाजवादी पार्टी(जसपा)विरोधमा उत्रेको छ ।त्यसैगरी द्वन्द्वकालीन एउटा हत्याको मुद्दामा प्रदेश सभासदस्य अनिरुद्धप्रसाद सिंह यादवलाई पक्राउ गरिएको छ । तत्कालीन समयमा एकजना माओवादी कार्यकर्ताको हत्यामा यादवको नाममा किटानी जाहेरी परेको थियो । अदालतले यादवको मुद्दामा पक्राउ पुर्जी जारी गरेको आधारमा प्रहरीले १७ वर्षपछि उनलाई पक्राउ गरिएको छ । हुन त अहिले पनि कतिपय माओवादीमाथिको मुद्दा फिर्ता भएको छैन् । त्यसकारण द्वन्द्वकालीन मुद्दालाई ब्यूताउने काम गर्न हुँदैन् ।

# कृष्णाष्टमी उत्सवमा देखिएका केही विकृत दृश्यहरू



डा. रामसागर पंडित

यस लेखलाई पाँच भागमा बाँडेर प्रस्तुत गर्न चाहन्छु । पहिलो भागमा जन्म र बाल्यकाल, दोस्रो भागमा हजारौं पत्नी र लाखौं सन्तान, तेस्रो भागमा महाभारत युद्धमा उनको भूमिका, चौथो भागमा प्रद्युम्न र अनिरुद्ध र पाँचौ भागमा कृष्णजन्माष्टमी उत्सवको वर्तमान अवस्था रहेका छन् । श्रीकृष्णको जन्म र बाल्यकालतिर लाग्दा उनका पारिवारिक इतिहासतिर जानु श्रेष्यकर हुनेछ । चन्द्रवंशी राजा ययाति र रानी देवयानीका जेठा छोरा 'यदु' थिए । यदुबाटै यदुवंशको शुरूआत भयो र त्यही दिनदेखि यसवंशलाई यदुवंशी भन्नथाले । धेरै अन्तरालपछि यदुवंशका राजा वसुदेव बने । श्रीकृष्ण बसुदेव र देवकीका आठौं सन्तान हुन् । वसुदेव र देवकीको विवाह राजा कंशले नै गराएका थिए । जब आकाशवाणी मार्फत देवकीको आठौं सन्तान तिमीलाई बध गर्नेछ भने कुरा सुनेर अत्याचारी, क्रूर र तानाशाही राजा कंश वसुदेव र देवकीलाई जेल हालेर एक-एक बच्चालाई मार्दै गए । आठौं बच्चाको रूपमा कृष्णको जन्म भयो । वहाँलाई जेलबाट आफ्नो मित्र गोकुलवासी नन्दगोपकहाँ पुऱ्याइ दिए । उता नन्दकी पत्नी यशोदाले छोरी जन्माएकी थिइन् । नन्दगोपका छोरीलाई वसुदेवले ल्याएर कंशलाई दिए । यसरी श्रकृिष्ण यशोदा र नन्दगोप कै घर गोकुलमा हुर्किए ।

वाल्यकालमा उनी निकै चञ्चल स्वभावका थिए । आफ्नो समकक्षी साथीहरूसँग मिलेर मख्खन (नौनी) चोरेर खानु, गोपिनीहरूलाई जिस्क्याइ रहनु, दूधपानीको घैटाहरू फुटाइदिनु, गाई फुकाएर छाडि दिनु, गाईका थुनबाट दूध चोरेर खाइ दिनु जस्ता अनेकौं क्रियाकलाप उनकालागि सामान्य थिए तर पनि गोकुलबासी उनलाई निकै माया गरेका थिए । उनको शिक्षादिक्षा आचार्य सान्दीपनिबाट भएको थियो । उनले सान्दीपनिबाट छान्दोग्य उपनिषद् लाई पूरा गरे । श्रीकृष्णको जन्म एउटा विष्णुकै अवतार थियों । द्वापरमा भएका पापहरूलाई नष्ट गर्न नै उहाँको जन्म भएको थियो ।

श्रीकृष्णको उमेर विवाह योग्य भएपछि विवाहको कुरो उठाइयो । श्रीकृष्णका हजारौं पत्नी र लाखौं सन्तान थिए । ती पत्नीहरूमध्ये आठ मुख्य रानी थिए- रूक्मिणी सत्यभाया, जाम्बवती, सत्या, कालिन्दी, लक्ष्मणा, मित्रविन्दा र भद्रा । यस्तो विवाह गर्नुका कारणतिर जाँदा के देखिन्छ भने द्वापरतिर पृथ्वीमा स्रोतसाधनको अभाव थिएन र जनसंख्या कम रहेको हुनाले सन्तान जन्माउन प्रोत्साहित गरिन्थ्यो जसमा पहिलो उदाहरण श्रीकृष्ण आफै भएका थिए । उनको प्रमुख आठवटा पत्नीबाट जम्मा अस्सीवटा सन्तान जन्मिएका थिए । यी मुख्य आठ रानी बाहेक सोह् हजार एक सय अन्य पत्नी थिए । ती सबैबाट पनि दस-दस छोरा जन्मिएका थिए । यसरी श्रीकृष्णका छोराहरूका आमा नै सोह्र हजार भन्दा बढी थिए भने छोराहरू लाखौं हुनु स्वभाविक मान्न सकिन्छ । सोह् हजार राजकुमारीसँग श्रीकृष्णले एकै चोटी विवाह गरेका थिए ।

भौमासुर नामक बलशाली राजाले यिनीहरूलाई अपहरण गरी कैद गरेका थिए । यी सबै कैदी राजकुमारीहरू श्रीकृष्णले छुटाइ दिएको हुनाले उनीहरू सबै एकै चोटी कृष्णसँग विवाद गर्न पुगेका थिए । यस्ता विवाहबारे बुझ्न त्रेतायुगसम्म जानु पर्ने हुन्छ । अयोध्यादेखी मिथिलासम्म जति केटीहरूले रामलाई चाहेकी थिइन् ती सबैलाई रामले आश्वस्त पारेका थिए कि म तिमीहरूसँग द्वापरमा एकै चोटी भेट्ने छु । त्यसै बचनानुसार कृष्णावतारमा आएपछि त्यो वचन पूरा गरेका थिए ।

श्रीकृष्णसँग समय बिताउँदा सबैका सबै पत्नी खुशी थिए । यसैले गर्दा कृष्णलाई रसिया यदुवंशीको नामले समेत बोलाउने गर्दथे । कृष्णका सेवामा सबै हरहमेशा तत्पर रहन्थे । एउटा स्त्रीलाई पाल्न हम्मे हम्मे परेको हुँदा श्रकृिष्णले कसरी यति पत्नीलाई ठाउँ दिएका थिए होलान् ।

पाँचै पाण्डवका यशले दुर्योधन, शकुनी, कर्ण र दुःशासन सधैँ जलिरहन्थे । यसरी शकुनीको कुटील चालमा परेर पाण्डवले जुवामा सबै चीजबस्तु हारे । त्यही निहुमा द्रौपदीलाई बेइज्जती गरेका थिए । दुःशासनले उनलाई सारी तानेर नङ्ग्याउन खोजे । द्रोपदीलाई कसैले मद्दत गर्न अगाडि बढेन । अन्तमा द्रौपदीले श्रीकृष्णसँग प्रार्थना गरिन् र लाज बचाइ दिन आग्रह गरीन । कृष्णले उनको रक्षामा अगाडि बढे र दुःशासन नांगो गर्न सकेन । महाभारत युद्ध हुने पक्कापक्की भएपछि अर्जुन र दुर्योधन उनीसँग सहयोग माग्न कृष्णकहाँ पुगेका थिए । दुर्योधनले नारायणी सेना माँग गर्दा अर्जुनकै चाहना अनुसार कृष्ण सारथी बन्न तयार भए ।



पाण्डवहरू युद्धको पक्षमा थिएन । सन्धि गर्नेमनसायले कृष्ण पाण्डवका शान्तिदूत बनेर हस्तिनापुर पुग्दा दुर्योधनले कृष्णलाई अपमानित गरेर फर्काई दिए । अब युद्ध हुने निश्चित भएपछि कुरुक्षेत्रमा युद्ध शुरू भयो । दुबै पक्षका योद्धाहरूका बीचमा धमासान युद्ध भयो । युद्धपछि उनी पाण्डवसँगै हस्तिनापुर आए । धृतराष्ट्र र गान्धारीलाई सम्झाउन लाग्दा रिसको आवेशमा गान्धारीले कृष्णलाई सराप दिइन्-तिम्रो र तिम्रो वंशको पनि यस्तै दुर्गीति होस् । पाण्डव र कौरवमध्ये वंशमा एउटा मात्र उतराको गर्भमा अभिमन्यु पुत्र थिए । त्यसलाई पनि अश्वथामाले मार्न खोज्दा कृष्णले बचाइ दिएका थिए । यसरी अभिमन्युका छोरा परीक्षित जन्मिए ।

सरापपछि यदुवंशका यादवहरू एक आपसमा झगडा गर्न थाले । झगडा उग्ररूप लिएपछि एकले अर्कालाई काटमार गर्दै अगाडि बढेपछि अन्तमा यादववंश सखाप भयो । श्रीकृष्ण र बलराम मात्र बाँकी रहे । पछि बलरामसमेत समुद्रमा डुबेर शरीर त्याग गरे । श्रीकृष्णले आफ्ना मित्र तथा शिष्य उद्धवलाई अन्तिम उपदेश दिएका थिए । त्यस उपदेशलाई उद्धवगीता पनि भनिन्छ । यस गीतामा एक ठाउँमा कृष्णले भनेका छन् । "धर्मको मार्गमा लाग्दै आफ्नो कर्मको सिलसिलामा सक्नु नै मोक्षको सही मार्ग हो ।"

श्रीकृष्ण एकदिन पीपलको रूखमुनि विश्राम गरिरहेका बेला 'जरा' नाम गरेका एक शिकारी उनको पैतालालाई मृग सम्झेर विषले भरिएको वाण हाने र जसका कारणले उनको मृत्यु भयो । श्रीकृष्णको मृत्युमा शिकारीले धेरै पश्चाताप गरे र कृष्णसँग माफीको विन्ती गरे । श्रीकृष्णले उनलाई माफ गरिदिए र आफ्नो मानवजीवनबाट मुक्ति पाए । भनिन्छ कि त्रेतायुगमा श्रीरामको रूपमा हुँदा उनले बालीलाई नीतिविरुद्ध लुकेर मारेका हुनाले त्यसैको फल उनले द्वापरको कृष्णावतारमा भोग्नु परेको थियो । श्रीकृष्णको मृत्यु पश्चात हेर्दाहेर्दै द्वारिका समुद्रमा डुब्यो ।

कृष्णसँगै उनका छोरा प्रद्युम्न र नाति अनिरुद्धको कथा पनि जोडिएको छ । पद्युम्न कामदेवका पुनर्जन्म रूप थिए । जन्मिएको दस दिनपछि शम्बासुर नाम गरेका राक्षसले अपहरण गरेर लगे । उनले प्रद्युम्नलाई समुद्रमा फ्याँकिदिए । समुद्रमा एउटा ठूलो माछाले उनलाई सिङ्गै निल्यो । एक माझीले जालफाल्दा त्यो माछा जालमा पऱ्यो र दरबारमा माछालाई चिर्दा पेटमा बच्चा देखेर राजालाई सुनाउन गए । राजाले त्यस बच्चालाई आफ्ना दासी मायावतीलाई पाल्न जिम्मा लगाइ दिए । मायावतीलाई नारदले सारा वृतान्त सुनाएपछि आफ्ना पति सम्झेर बडो मायासाथ पाल्न थाले र जवान भएपछि मायावतीले बिगतका सारा कुरा बताइ उनीसँग पुनर्विवाह गरिन् । प्रद्युम्न र शम्बासुरको बीचमा भयंकर युद्ध भयो । शम्बासुर मारिए । अनिरुद्ध प्रद्युम्नका छोरा तथा कृष्णका नाति थिए ।

अब अन्तिम भागमा आउँदा कृष्णाष्मी उत्सवको वर्तमान अवस्था कस्तो छ ? त्यतातिर पाठकवर्गलाई आकर्षित गर्न चाहन्छु । वर्तमान अवस्थामा आस्तिकता प्रति मानिसहरू बढी नै आकर्षित भएका छन् । बिगतमा कतै कतै कृष्णजन्माष्टमी उत्सव मनाइन्थियो भने अहिले लगभग टोलटोलमा भगवान कृष्णको जन्मोत्सव बडो श्रद्धासाथ पूजापाठ गरी धूमधामसँग मनाइ रहेका छन् । यस सम्बन्धमा कहिले काँही विवादको रूपसमेत लिएको देखिन्छ । धर्ममा विभिन्नता हुनु राम्रो कुरा हो । मान्छे प्राकृतिक रूपले नै विभिन्न विचार बोकेका हुन्छन् । नेपाल अहिले लोकतान्त्रिक संघीय गणतन्त्र प्रणाली अपनाएको देश हो । यसको संविधानमा नेपालमा बस्ने प्रत्येक धर्मालम्बी नेपालीहरूलाई आ-आफ्ना धर्म मान्न छूट छ तर धर्म मनाउँदा अर्काको धर्ममा आघात नपरोस् त्यसको पनि हेक्का राख्नुपर्छ । कहिले काँही एउटा धार्मिक समूहलाई अर्को धार्मिक समूहसँग दंगा फसाद गरेका घटनाहरू पनि आइरहन्छन् । सरकार तथा जनताले यस्ता अनावश्यक घटनाहरूबाट जहिले पनि सतर्कभएर बस्नु पर्छ । यदि सतर्कता अपनाएनौं भने घटना ठूलो रूप लिँदा निकै ठूलो धनजनको क्षति हुन पुग्छ । यस्ता हजारौं घटनाहरू भएका छन् र अहिले पनि भइरहेका छन् ।

एकचोटीको कुरो हो म र मेरा पिताजी कृष्णाष्टमीका १० जोडा प्रतिमा बनाएर बिक्रीका लागि तयारी अवस्थामा राखेका थियौं । रातिमै आएर पूरै मूर्तिहरूलाई तोडफोर गरेर विकृत बनाइ दिएका थिए । भोलि विहान पल्ट आएर हेर्दा हाम्रो अवस्था गम्भिर भयो । कति मान्छेहरू भन्न लागे यस्ता काम मुसलमानवाहेक अरूले गर्नै सक्दैन । एक जना मुस्लिमसँग एक दिन पछाडि अर्थात् हिजो झगडा परेको थियो । हामी कसैलाई प्रत्यक्षरूपमा नदेखेर कारवाहीतिर जानु मनासिब नदेखेर हामी गएनौं । कहिले काँही झगडा कसरी उग्ररूप लिन्छ त्यतातिर पनि कतिको सोच गएको हुन्छ र यस्तै समयमा आफ्ना दुश्मनी पनि साध्न चाहन्छन् ।

हालसालै महोत्तरीको लोहारपट्टी नगरपालिका अन्तर्गत महदैयामा यस्तै घटना घटेको थियो । यस्ता घटना घट्नु कदापि राम्रो होइन तर बिना पत्ता लगाएर शंकाको भरमा कसैलाई दोषी बनाउनु पनि मनासिब देखिँदैन । महदैयाको घटनालाई सरकारले अलि चनाखोसाथ खोजबीन तथा अनुसन्धान गरी पत्ता लगाउनु पर्छ । एक ठाउँमा पत्ता लागेपछि यस्तो घटना गर्न धेरैको हिम्मत हुँदैन । महदैयामा हिन्दू र मुसलमानको घरसंख्या लगभग बराबर छन् । कहिले काँही हिन्दू-मुस्लिम समुदायको बीचमा यस्ता साना साना विवाद चलिरहन्छन् । यस्तै कतिपय मुस्लिम र हिन्दूले यस्ता विवाद कसरी चर्काउने हो भने फिराकमा रहन्छन् । यस्ता घटनामा बिना पत्ता लगाइ कसैको नाम दिनु हुँदैन । अर्कोकुरा यस्ता घटना बारे प्रशासनलाई समयमै जानकारी गराउनु पर्छ । प्रशासनले पनि समयमै यस्ता मान्छेलाई समाती कडाभन्दाकडा कारबाहीतिर लग्नुपर्छ । त्यस्तो गर्न सकिएन भने अन्य देश जस्तै हिन्दू मुस्लिम बीचको झगडा उग्ररूप लिन बेर लाग्दैन । इतिश्री ।

# कसलाई चेकजाँच गर्ने, कसलाई नगर्ने ?



शान्ता बजगाई

१. बाहालवाला गृहमन्त्रीको गाडीमा एयरपोर्टबाट सुन तस्करी गरिँदै गर्दा टायर पन्चर भएको चर्चा ।
२. भुटानी शरणार्थी प्रकरणका मुख्य अभियुक्तहरू सरकारी गाडीमै आउजाउ गरेको खुलासा ।
३. भेपमा सुन तस्करी गरिँएको र त्यो सुन छुटाउन पूर्वसभामुखका छोरा एयरपोर्टमा पुगेको जानकारी ।
४. ३३ किलो सुन प्रकरणमा प्रहरीकै संलग्नताको आशंकामा छानबिन ।
५. एम्बुलेन्समा रक्तचन्दन तस्करी ।

यी माथिका थोरै प्रतिनिधि घटनाले हाम्रो समाजको यथार्थला चित्रण गर्छन् । यीलगायतका घटनाको सूक्ष्म अध्ययन गर्ने हो भने प्रहरी प्रशासन र सरकार कहाँ र कसरी चुक्छ भन्ने पनि स्पष्ट हुन्छ । बालेन्द्र शाहले प्रहरीले चेकजाँच गर्ने भनेको सर्वसाधारणलाई हो मजस्तो काठमाडौंको मेयरकी पत्नीलाई होइन भनेर चुनौती दिइरहेका छन् । त्यसमा मिश्रित प्रतिक्रिया आइरहेको छ । जनसाधारणबाट मिश्रित प्रतिक्रिया आउनुलाई सामान्य एवं स्वभाविकरूपमा लिन सकिन्छ । तर, जब प्रहरीलाई नै यसमा ठूलो गल्ती भए झैँ रक्षात्मक बन्न बाध्य पारिन्छ अनि माथिका उदाहरणहरूको उदय हुन्छ ।

प्रहरीले चेकजाँच किन गर्छ ? त्यो निमुखा नागरिकका लागि मात्र हो ? यस सवालको सही जबाफ सायद आजका प्रहरी प्रशासनले दिन सक्दैन । किन ? किनभने बालेनसँग जनदबाब उत्पन्न गर्नसक्ने जमात छ । जनदबाब दिन सक्नेसँग पनि प्रहरी प्रशासन र सरकार झुक्नुपर्छ भन्ने मान्यता कायम गर्न खोजिएको छ ।

त्यसैगरी प्रहरी आफैं पनि अनुकूल सरुवा एवं बढुवाको लागि राजनीतिक नेतृत्व, शक्ति एवं सरकारलाई रिझाउने प्रयासमा हुन्छन् । त्यसैले यिनलाई चेकजाँचलगायतका कारबाही गर्न सक्दैनन् । अनि आफ्नै वरिष्ठ, हाकिमहरूलाई त गर्ने कुरै पनि भएन । अनि बाँकी रहने त निमुखा जनता न हुन् । अरू,



छट्टुहरूले त एउटा न एउटा राजनीतिक पार्टीको फेरो समाएकै हुन्छन् । कुनै न कुनै नेता, शक्तिकेन्द्रसँग सम्बन्ध कायम गरेकै हुन्छन् ।

गृहमन्त्री, मन्त्रीहरूको गाडीबाट तस्करी र अपराधीको आवतजावत हुँदोरहेछ भने महानगरपालिकाको गाडीबाट हुँदैन भन्ने कुनै ग्यारेन्टी हुन्छ ? त्यसो हो भने प्रहरीले रोकेर किन पूरा चेक नगरी छाडेको ? सामान्य नागरिकले सवारी चालक अनुमति पत्र घरमा छुटेछ भन्दा जरिवाना रसिद थमाउने प्रहरीले बालेनको गाडीलाई बिदाको दिनमा सवारी चलाउने अनुमती पत्र घरमा छ भन्दा किन त्यत्तिकै छाडेको ? मेयर पत्नी भएकैले विशेष सुविधा पाउनुपर्ने हो ? एम्बुलेन्समा समेत रक्तचन्दन तस्करी गरिएको समाचार आएकै हो । त्यसैले प्रहरीले आफ्नो कर्तव्य पालना गरेकोमा गर्व गर्नुपर्नेमा किन हीनताबोध ध्वनित हुने प्रेस नोट आएको 'एक मिनेट र सात मिनेट'को ? बालेन त प्रतिनिधि पात्रमात्र हुन् जो चर्चामा आए र 'सिंहदरबारमा आगो लगाउने' खुला चुनौती दिए । यस्ता बालेनहरू हरेक दिन, हरेक क्षेत्रमा देखा परिरहेका छन् । कोही एयरपोर्टमा भेप छुटाउन पुग्छन्, कोही मन्त्री नै तस्कर र तस्करीका सामान गाडीमा हालेर दौडन्छन्, कोही एम्बुलेन्सको आवरणमा तस्करी गर्छन्, कोही तस्करीको सामानमा भाग खोज्दै हिँड्छन् ।

त्यसैले सरकारले यो तअभन्दा माथि जे गरे पनि छुट हुन्छ कानुन लाग्दैन, चेकजाँच गर्न पाइँदैन भनेर कानुन बनाए हुन्छ । त्यसपछि प्रशासन, प्रहरीले कुनै बालेन वा बालेन पत्नीलाई कोटेश्वरमा रोक्ने छैन । एयरपोर्टमा तस्करीको माल छुटाउन जाँदा ससम्मान गर्व गर्न पाइनेछ । तस्करलाई मन्त्रीकै गाडीमा ओहोरदोहोर गराएर सलाम ठोकाउन पाइनेछ । कानुन नै बनाएपछि प्रहरी, प्रशासनमात्र होइन अदालतले समेत छुन सक्नेछैन ।

अन्यथा, प्रहरी प्रशासन सुध्रिनुपर्छ । बालेनहरूबाट सजग रहनुपर्छ । नियमित चेक जाँचमा कसैले अवरोध गरे स्वीकार्य हुनु हुँदैन । सामान्य नागरिक हुन् कि ठूलाठालु, हाकिम वा बहालवाला मन्त्री नै किन नहुन् प्रहरीले सबैलाई समान व्यवहार गर्नुपर्छ । कसैको ठूलो स्वर वा जमात छ भनेर पन्छिनु, पछि हट्नु पनि हुन्न । अहिले बजारमा देखिएको जस्तो कसैलाई देवत्वकरण गर्नुपर्ने कारण र नियम नेपालमा छैन र कहिल्यै हुनु पनि हुँदैन । अनिमात्र जनताको शासन कायम ठहरिनेछ ।

# कर्मचारीले निष्पक्ष रूपमा काम गर्नुपर्छ : सभापति देउवा



काठमाण्डु । नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले कर्मचारीहरूले निष्पक्ष रूपमा काम गर्नुपर्ने बताउनुभएको छ ।

नेपाल निजामती कर्मचारी युनियनको स्थापना दिवसका सन्दर्भमा मंगलबार 'कर्मचारी' पुस्तकको विमोचन कार्यक्रममा उहाँले कर्मचारीले व्यक्तिगत रूपमा विचार जुनसुकै अपनाए पनि सरकारको कुरा मान्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

सभापति देउवाले भन्नुभयो, "राजनीति र कर्मचारीतन्त्रबीचको द्वन्द्व विश्वमै हुने गरेको देखिन्छ, तर सन्तुलन कायम गरेर मिलाएर लैजानुपर्छ । निजामती कर्मचारी युनियन प्रजातान्त्रिक युनियन हो । अरूले आफ्नो पार्टीले जे भन्यो त्यही गर्ने गरेका छन्, हामीले त्यस्तो गर्नुपर्छ भन्ने छैन, निष्पक्ष काम गर्नुपर्छ, त्यही रूपमा अघि बढ्नुस् ।"

राजनीति र कर्मचारीतन्त्रबीच राम्रो सम्बन्ध हुनुपर्ने उल्लेख गर्दै सभापति देउवाले कर्मचारीतन्त्र नभई देश नचल्ने बताउनुभयो । उहाँले कर्मचारीले सरकारको भनेको मान्नुपर्ने र कतिपय चित्त नबुझेका विषय भन्नुपर्ने बताउनुभयो । राजनीति र कर्मचारीतन्त्रबीच आपसी समन्वय र सहयोग हुनुपर्ने सभापति देउवाको भनाइ थियो ।

फरक प्रसङ्गमा सभापति देउवाले नेपालमा जलविद्युत् उत्पादनको सम्भावना धेरै भएको उल्लेख गर्दै जलविद्युत् खरिदकर्ता छिमेकी मुलुक भारत भएकाले उसको कुरा सुन्नुपर्ने बाध्यता छ भनुभयो । उहाँले भन्नुभयो, "साथी बदल्न सकिन्छ, तर छिमेकी बदल्न सकिँदैन । तसर्थ चीन र भारत दुवै छिमेकीसँग राम्रो सम्बन्ध बनाइरहनु आवश्यक छ । सन्तुलन मिलाएर अघि बढ्नुपर्ने हुन्छ । यो हाम्रो आवश्यकता र बाध्यता हो, यसमा हाम्रो बुद्धिमता पनि छ ।"

कार्यक्रममा कांग्रेस नेता डा शेखर कोइरालाले राजनीति गर्ने सबैले कमर्चारी जुनसुकै आस्था र विचारका भए पनि स्थायी सरकार हो भन्ने बुझ्नुपर्ने उल्लेख गर्दै कर्मचारीलाई सेवासुविधा र वृत्तिविकासका विषयमा खुसी राख्न सकेमात्र सफलता प्राप्त हुने धारणा व्यक्त गर्नुभयो । पार्टीले कर्मचारीको मनोबल उच्च राख्न आवश्यक सहयोग गर्नुपर्ने उहाँको भनाइ थियो ।

प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिका सभापति एवं कांग्रेसका नेता रामहरि खतिवडाले निजामती सेवासम्बन्धी कानुन छिट्टै ल्याउन लागेको र यसमा सबैलाई समेट्ने प्रावधान हुने तथा एकाधिकारका प्रावधान नहुने स्पष्ट पार्नुभयो । उहाँले आवश्यक सुझावका लागि आग्रह गर्दै सुशासन कायम गराउन प्रयत्न गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कांग्रेस सहमहामन्त्री जीवन परियारले राजनीति गर्ने व्यक्ति ठीक भएमात्र कर्मचारीतन्त्र ठीक हुने र मुलुकमा सुशासन कायम गर्न पद्धति नै विकास गर्नुपर्ने बताउनुभयो । युनियनका कार्यवाहक अध्यक्ष उत्तमकुमार कटुवालले कर्मचारीका समस्याका बारेमा अवगत गराउँदै कर्मचारीसँग सम्बन्धित आवश्यक कानुन यथाशीघ्र अघि बढाउनका लागि सहयोग गर्न आग्रह गर्नुभयो । रासस

# फोहर व्यवस्थापन गर्न तीनै तहका सरकार गम्भीर बन्नुपर्छ : प्रधानमन्त्री



काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले काठमाण्डु उपत्यकाको फोहर व्यवस्थापनलाई प्रभावकारी बनाउने सम्बन्धमा सरोकारवाला निकाय र पक्षका प्रतिनिधिसँग छलफल गर्नुभएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सिंहदरबारमा मंगलबार उहाँले काठमाण्डुको फोहर व्यवस्थापन, फोहरको दीर्घकालीन समाधान र सरकारको तर्फबाट चाल्नुपर्ने कदमबारे सरोकारवाला पक्ष तथा निकायसँग छलफल गर्नुभएको हो ।

बैठकमा फोहरको दीर्घकालीन समाधानका विविध पक्षबारे सहभागीहरूले आफ्नो धारणा राख्नुभएको थियो । बैठकमा बञ्चरेडाँडाको फोहर व्यवस्थापन, स्थानीय प्रभावित नागरिकले उठाएका माग, डम्पिङ साइडका लागि जग्गा खरिद लगायतका विषयमा छलफल भएको थियो । यसका लागि उच्चस्तरीय संयन्त्र आवश्यक रहेको र सोका लागि कानूनी प्रबन्ध आवश्यक रहेकामा जोड दिइएको छ ।

बैठकमा प्रधानमन्त्री दाहालले आउँदो मन्त्रिपरिषद्को बैठकबाट देशभरिको फोहर व्यवस्थापन गर्ने जिम्मेवारी र संयोजन सहरी विकास मन्त्रालयको हुनेगरि ठोस् निर्णय गरिने जानकारी गराउनुभयो । उहाँले भन्नुभयो, "सङ्घीय सरकार काठमाडौँ उपत्यकालगायत देशभरिको फोहर व्यवस्थापनका निम्ति गम्भीरतापूर्वक लागिरहेको छ । त्यसका लागि मन्त्रिपरिषद्को बैठकबाट ठोस् निर्णय गर्नुपर्दछ । आउँदो मन्त्रिपरिषद् बैठकमा देशभरिको फोहर व्यवस्थापनको कार्यादेश सहरी विकास मन्त्रालयलाई दिनेगरी निर्णय लिन्छौँ ।"

प्रधानमन्त्री दाहालले फोहर व्यवस्थापन सङ्घीय, प्रादेशिक र स्थानीय सरकारको साँझा दायित्व भएकोमा जोड दिँदै फोहरको दीर्घकालीन व्यवस्थापनका निम्ति गठन आदेशसहितको कानुनी व्यवस्था र दीर्घकालीन संयन्त्र निर्माण गरिने उल्लेख गर्दै त्यसका लागि ठोस् गृहकार्य गर्नसमेत निर्देशन दिनुभयो ।

प्रधानमन्त्री दाहालले आमन्त्रण गर्नुभएको छलफलमा सहरी विकासमन्त्री सीता गुरूङ, नेपाल सरकारका मुख्यसचिव डा बैकुण्ठ अर्याल, प्रधानमन्त्री कार्यालयका सचिवद्वय एकनारायण अर्याल र मणिराम गेलाल, सहरी विकास मन्त्रालयका सचिव रवीन्द्रमान श्रेष्ठ, लगानी बोर्डका कार्यकारी निर्देशक सुशील भट्ट, काठमाडौँ महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्त अधिकारी, ललितपुर महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्रदेव भारती लगायतका प्रतिनिधि उपस्थित हुनुहुन्थ्यो ।

**भूतपूर्व गोर्खा सैनिक र विदेशमा रहेका नेपालीका पक्षमा जीवनपर्यन्त लडिरहन्छु : प्रधानमन्त्री**

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले भूतपूर्व गोर्खा सैनिकको हित, समान अधिकार र विश्वभरि रहेका नेपालीको रक्षाको निम्ति आफू जीवनपर्यन्त लडिरहने बताउनुभएको छ ।

मंगलबार दिउँसो गोरखा भूतपूर्व सैनिक सङ्घ (गेसो) द्वारा 'गोरखा समस्या समाधानका लागि आयोजित अन्तर्क्रिया कार्यक्रम' लाई सम्बोधन गर्दै उहाँले ब्रिटिस सेनामा भर्ती भएकामध्ये गोर्खालीको तलब, सेवा सुविधा, पेन्सनलगायतका विषयमा जे-जस्तो विभेद विद्यमान छ, त्यो गेसोको मात्र नभएर सिङ्गो नेपाल र नेपाल सरकारको सरोकार र दायित्व भएको भन्दै त्यसको पक्षमा आफूले पहल लिने बताउनुभएको हो ।

प्रधानमन्त्रीले भन्नुभयो, "भूतपूर्व गोरखा सैनिकको समस्या राष्ट्रियस्तरबाट मात्र समाधान गर्ने मुद्दा नभएर दुईदेशीय एवं बहुपक्षीय रूपमा उठाउनुपर्ने र सम्बोधन गर्नुपर्ने मुद्दा हो, विश्वभरि रहेका नेपालीको हकहितका निम्ति राज्यले यस्ता मुद्दा अन्तर ाष्ट्रिय फोरममा उठाउनुपर्छ र त्यसमार्फत सम्बोधन गर्नुपर्छ भन्नेमा म प्रष्ट छु ।"

जलवायु परिवर्तनका कारण नेपालले सामना गर्न परिरहेको बहुआयामिक असरको विषयमा अन्तर्राष्ट्रिय मञ्चमा कूटनीतिक माध्यमबाटै समाधान खोज्नुपर्ने उहाँको भनाइ थियो ।

"चाहे खाडीलगायत विभिन्न मुलुकमा रहेका नेपाली कामदारको सवाल होस्, चाहे भूतपूर्व गोर्खालगायत विश्वभरि विभिन्न मुलुकमा कार्यरत नेपालीको कुरा होस्, चाहे जलवायु परिवर्तनका कारण नेपालले सामना गर्न परिरहेको बहुआयामिक असरको विषय होस्, यसबारे हामीले अन्तर्राष्ट्रिय मञ्चमा कूटनीतिक माध्यमबाटै समाधान खोज्नुपर्दछ", उहाँले भन्नुभयो । रासस

# प्रधानमन्त्री प्रचण्ड र एमाले अध्यक्ष ओलीबीच भेटवार्ता

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीबीच समसामयिक राजनीतिक विषयमा छलफल भएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सिंहदरबारमा आज भएको भेटवार्तामा मुलुकको पछिल्लो राजनीतिक अवस्था, सङ्घीय संसद्मा विचाराधीन विभिन्न विधेयकलाई निष्कर्षमा लैजानेलगायत विषयमा छलफल भएको थियो ।

प्रधानमन्त्रीका प्रेस सल्लाहकार गोविन्द आचार्यका अनुसार उहाँहरूबीच मुलुकको पछिल्लो राजनीतिक अवस्थाका बारेमा छलफल भएको हो । सो अवसरमा प्रधानमन्त्रीको संयुक्त राष्ट्रसङ्घीय महासभाको सहभागिता र चीन भ्रमण, विचाराधीन विभिन्न विधेयकका सम्बन्धमा छलफल भएको थियो । रासस

# हेल्लो सरकारको २४सै घण्टे सेवापछि गुनासो बढ्दो क्रममा

काठमाण्डु । हेल्लो सरकारको २४ घण्टे सेवा सुरुआतपछि कार्यान्वयन प्रक्रियालाई तीव्रता दिएसँगै गुनासा बढ्न थालेको छ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले उद्घाटन गर्नुभएको बिगु गाउँपालिका दोलखाको गुनासो सम्बोधन गरी आइतबार शुभारम्भ भएको २४ घण्टे सेवाअन्तर्गत सोमबार ओखलढुङ्गा मानेभञ्ज्याङ गाउँपालिका-८ की देवीमाया दर्जीले शिक्षण अस्पतालमा 'बेड' नपाएको गुनासो गर्नुभएको थियो । गुनासोपछि तत्कालै शिक्षण अस्पतालसँग समन्वय गरी बेडको प्रबन्ध गरिएको प्रधानमन्त्री दाहालको सचिवालयले जानकारी दिएको छ ।

सचिवालयका अनुसार उक्त सेवापश्चात फोनमार्फत गुनासो टिपाउने सङ्ख्या अधिक रहेको तथा आम नागरिकको चासो र विश्वास बढेको देखिएको छ ।

नागरिकले ११११ मा फोन उठ्छ कि उठ्दैन भनी जाँच गर्ने गरेको, नयाँ सुरुआतको लागि शुभकामना दिनका लागि फोन गर्ने गरेको पनि पाइएको छ । आर्थिक सहायताका लागि, विकास निर्माणका लागि, बजेट व्यवस्थापनका लागि, अनियमितता, विकास निर्माणकाकार्यमा भएको ढिलाइलगायतका विषयमा पनि नागरिकका गुनासो बढेको जानकारी गराइएको छ । यस्तै सहकारी ठगी, अनलाइन ठगीका विषय दैनिकरूपमा बढ्दो क्रममा रहेको, सामान्य सुझाव तथा सोधपुछका विषयका सम्बन्धमा पनि गुनासा आएकाले त्यसको सम्बोधन तत्काल टेलिफोनमार्फत गरिएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले जनाएको छ ।

यस्तै प्यान लिन के गर्नुपर्छ ? नागरिकताको विवरण कसरी सच्चाउन मिल्छ ? जस्ता जानकारी पनि माग हुने गरेको पाइएको छ । फेसबुक, ट्वीटरलगायत सामाजिक सञ्जालमा समेत गुनासोकर्ताबाट उल्लेख्य गुनासो आएको प्रधानमन्त्री दाहालको सचिवालयले जनाएको छ । रासस

# भ्रष्टाचार न्यूनीकरणमा सरकारलाई कांग्रेसको पूर्ण समर्थन छ- महामन्त्री थापा



ढोरपाटन । नेपाली कांग्रेसका महामन्त्री गगन थापाले सरकारले थालेको भ्रष्टाचार न्यूनीकरणको अभियानमा कांग्रेसको पूर्णरूपमा समर्थन रहेको बताउनुभएको छ ।

नेपाली कांग्रेस बागलुङ क्षेत्र नम्बर १ ले आयोजना गरेको क्षेत्रीय सम्मेलनलाई सम्बोधन गर्दै उहाँले सरकारले कांग्रेस वा अन्य जुनसुकै पार्टीका नेता तथा कार्यकर्ता भ्रष्टाचारमा मुछिए जोगाउनतर्फ नलाग्ने बताउनुभयो ।

"कांग्रेस भ्रष्टचारमा मुछिएका कसैलाई पनि संरक्षण गर्ने पक्षमा छैन, हामी भ्रष्टाचाररहित राष्ट्र चाहन्छौँ, अहिले सरकारले थालेको भ्रष्टाचार न्यूनीकरण अभियानमा कांग्रेसको पूर्ण समर्थन छ", महामन्त्री थापाले भन्नुभयो, "जनप्रतिनिधिले राम्रोसँग काम गर्नुस्, पार्टी आफैँ मजबुत बन्दै जान्छ, तपाईंहरूले काम गर्नुभएन भने समस्या हुने हो ।"

महामन्त्री थापाले अहिले तीन वटै सरकारमा कांग्रेसको प्रतिनिधित्व रहेको हुँदा जनगुनासो आउने काम गर्न नहुने बताउनुभयो । जनताले जनप्रतिनिधिबाट धेरै अपेक्षा गरेको हुँदा नागरिकको न्यूनतम आवश्यकतालाई प्राथमिकतामा राखेर काम गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । उहाँले जनप्रतिनिधिले जनताको मर्मअनुसार काम नगरे पार्टी र व्यक्ति दुवै सकिने बाटोमा जाने बताउनुभयो ।

तीनै तहको सरकारले काम गर्ने हो भने पाँच वर्षको अवधिमा मुलुकमा ठूलो परिवर्तन आउने उहाँले बताउनुभयो । आगामी निर्वाचनका लागि भर्खरै आत्तिनुपर्ने अवस्था नभएको महामन्त्री थापाको भनाइ छ । स्यानीयस्तरबाटै पार्टी सङ्गठन मजबुत बनाउन लाग्ने र कार्यकर्तालाई प्रशिक्षित गर्नुपर्नेमा थापाको जोड छ ।

पर्वत- यसैगरी पर्वत सदरमुकाम कुश्मा बजारमा मङ्गलबार दिउँसो कार्यकर्ता भेटघाट कार्यक्रममा उहाँले पार्टीभित्रको गुटबन्दी अन्त्य गर्दै रूपान्तरण अभियानमा जुट्न आह्वान गर्नुभयो ।

महामन्त्री थापाले पार्टीको आउँदो महाधिवेशनले उम्मेदवार छनोटको प्रक्रिया बदल्ने र त्यसपछि गुटबन्दी अन्त्य भएर जाने विश्वाससमेत व्यक्त गर्नुभयो । स्थानीय तहदेखि संसदीय निर्वाचनमा उम्मेदवार बन्ने/बनाउने प्रणाली परिवर्तन गरेपछि मात्रै गुटबन्दी अन्त्य भएर जाने उहाँको भनाइ छ ।

उहाँले महाधिवेशनको वर्ष क्रियाशील सदस्यता बाँड्ने गरिएको भन्दै त्यसको अन्त्य हुनुपर्ने बताउनुभयो । यो पटक आउँदो २०८२ मङ्सिर-पुसतिर पार्टी अधिवेशन हुन्छ, कसैले सार्न सक्दैन', उहाँले भन्नुभयो, "अब २०८२ वैशाखपछि कसैले क्रियाशील सदस्यता बाँड्न पाउँदैन ।"

यही भदौ १५ गतेसम्म विभाग भ्रातृ सङ्गठनलाई पूर्णता दिने भनिए पनि पूरा नभएको भन्दै भदौ मसान्तसम्म काम सक्न सभापतिलाई दबाब दिइएको बताउनुभयो ।

उहाँले पार्टी पुरानो पाराले चल्न नसक्ने भन्दै विधि र थितिअनुरूप चलाउन जिल्ला तहबाटै नेतृत्वलाई दबाब दिनुपर्नेसमेत बताउनुभयो । उहाँले आगामी निर्वाचनमा पार्टीलाई एक्लै भिड्न सक्ने बनाउन खोजिएकोसमेत उल्लेख गर्नुभयो ।

महामन्त्री थापाले आफूहरूले कांग्रेसलाई विधानसम्मत उभ्याउने प्रयास गरिरहेको बताउनुभयो । "लामो समयदेखि कांग्रेस विधानसम्मत हिँड्ने कुरामा अल्मलिएको थियो", उहाँले भन्नुभयो, "हामीले विस्तारै सुधार ल्याइरहेका छौँ । यो प्रयासमा तपाईंहरूको पनि साथ चाहिन्छ ।" रासस

# जापान-नेपाल विकास मञ्चको स्थापना

काठमाण्डु । नेपाली राजदूतावास र जापानको पहल तथा जापानका उद्यमी, व्यवसायी, लगानीकर्ताको प्रयासमा जापानको राजधानी टोकियोमा जापान-नेपाल विकास मञ्चको स्थापना भएको छ ।

जापान सरकारका विपद् व्यवस्थापन र सामुद्रिक नीति राज्यमन्त्री कोइची तानी र जापानका लागि नेपाली राजदूत डा. दुर्गाबहादुर सुवेदीले मञ्चको शनिबार संयुक्त रूपमा उद्घाटन गर्नुभएको जापानस्थित नेपाली दुताबासले जनाएको छ ।

उक्त मञ्चको अध्यक्षमा जापान सरकारका पूर्वअर्थसहायक मन्त्री मोतोयुकी ओदाची र उपाध्यक्षहरूमा सर्वश्री योशिहारु कोमियामा हिरोयुकी फुकुयामा, डा तोरु उत्सुमी, ताकातोशी नाकामुरा, तोमोहिको कावामोतो र योसुके किकुमा रहनुभएको छ । जापान-नेपाल संसदीय मैत्री समूहका अध्यक्ष एवं जापानका लागि नेपाली राजदूत उक्त मञ्चका पदेन संरक्षक रहनुभएको छ ।

नेपालको सामाजिक, आर्थिक र प्राविधिक विकासमा जापान सरकारको सहायतासँगै जापानको निजी क्षेत्रबाट नेपालमा पर्यटन, ऊर्जा, कृषि, शिक्षा, स्वास्थ्य, वातावरण र रोजगार लगायतका क्षेत्रहरूमा लगानी तथा औद्योगीकरण प्रवर्द्धनमा सार्थक योगदान पुर्याउने उद्देश्यले मञ्चको स्थापना भएको हो ।

मञ्चको समुद्घाटन समारोहलाई सम्बोधन गर्नुहुँदै राज्यमन्त्री कोइची तानीले नेपाल र जापानबीचको मैत्रीपूर्ण सम्बन्ध सरकारीस्तरमा मात्र सीमित नरही जनस्तरसम्म पनि फैलिएको बताउनुभएको थियो । जापान र नेपालबीच गहिरो धार्मिक, सांस्कृतिक र सामाजिक सम्बन्ध रहेको बताउँदै उहाँले यस ऐतिहासिक मैत्रीपूर्ण सम्बन्धलाई अब आर्थिक सम्बन्धको सुदृढीकरणसहित विस्तारित गर्न आवश्यक रहेको र यस दिशामा मञ्च एक कोशेढुङ्गा सावित हुने बताउनुभएको थियो ।

समारोहमा राजदूत डा सुवेदीले जापान नेपालको विकासको एक प्रमुख साझेदार राष्ट्र रहेको र नेपालको कृषि, शिक्षा, ऊर्जा, यातायात र सञ्चारलगायतका आर्थिक र सामाजिक विकासको आधारशिला निर्माणमा जापान सरकारको महत्वपूर्ण योगदान रहेको बताउनुभएको थियो । नेपाल सरकारले मुलुकको आर्थिक विकासलाई प्राथमिकतामा राखेको उल्लेख गर्नुहुँदै उहाँले राजनैतिक स्थायित्व र सामाजिक रुपान्तरणका लागि नेपाल सरकार दिगो आर्थिक विकासका लागि प्रतिवद्ध रहेको उल्लेख गर्नुभएको थियो ।

नेपाललाई वैदेशिक लगानीको एक उच्चतम् र आकर्षक गन्तव्यका रूपमा विकास गर्न नेपाल सरकार प्रतिवद्ध रहेको र सोका लागि उदार आर्थिक नीतिका साथ लगानीमैत्री वातावरण निर्माण गर्न प्रयत्नशील रहेको राजदूत डा सुवेदीको भनाई थियो ।

समारोहमा मञ्चका नवनियुक्त अध्यक्ष तथा पूर्वअर्थसहायक मन्त्री मोतोयुकी ओदाचीले जापान र नेपालको सुमधुर द्विपक्षीय सम्बन्धलाई अब व्यापार, लगानी र रोजगारी प्रवर्द्धनका माध्यमबाट निजी क्षेत्रले पनि सहभागिता जनाउन अपरिहार्य रहेको बताउनुभएको थियो ।

जापान सरकारको परराष्ट्र मन्त्रालय, जापान अन्तर्राष्ट्रिय सहयोग निकाय (जाईका) र जापान व्यापार संगठन (जेट्रो)का उच्च पदाधिकारीहरू उपस्थित उक्त समारोहमा नेपालमा लगानी तथा व्यापार र व्यवसायमा सम्लग्न जापानका उद्योगी, व्यवसायी र कम्पनीका प्रमुख तथा प्रतिनिधिको उपस्थिति थियो । रासस

# सुशासन कायम गर्ने मामिलामा सदन र सरकार मिलेर काम गरौँ : मन्त्री साह



काठमाण्डु । सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री अनिता देवीले संसदीय समितिले ऐन कानुन निर्माणमा संविधानको मर्म र भावनाअनुरुप सवै पक्ष र समुदायलाई समेट्न कोसिस गर्नुपर्ने आवश्यकता औँल्याउनुभएको छ ।

प्रतिनिधिसभा, राज्य व्यवस्था तथा सुशासन समितिको आजको बैठकमा उहाँले कानुन निर्माणका क्रममा विगतका भोगाइ र असल अभ्यासको अनुशरण गर्दै राज्य व्यवस्था सञ्चालनमा सुशासन कायम गर्न एकजुट भएर काम गर्न आवश्यक रहेको बताउनुभयो ।

समिति सभापति रामहरि खतिवडाले मुलुकमा भ्रष्टाचार अन्त्य गर्न र सुशासन कायम गर्ने सन्दर्भमा संसदीय समितिका सदस्यले दलभन्दा माथि उठेर उदाहरण प्रस्तुत गर्न आवश्यक रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "जातजाति, समुदाय, धर्म र दलभन्दामाथि जनहित र राष्ट्रका लागि काम गरौँ, त्यसका लागि असल अभ्यास र उपयुक्त वातावरण बनाऔँ ।"

समितिका सदस्यहरूले मुलुकका केही भागमा देखिएका घटनाबाट नेपाली समाजमा सदियौँदेखि रही आएको सद्भावना बिथोल्न खोज्ने प्रयास भएकाले त्यसप्रति सजग रहन आग्रह गर्नुभयो । उहाँहरुले मुलुक भ्रष्टाचारको दलदलमा भासिने सासद र सांसद रमिते बन्ने परिस्थिति अन्त्य गर्न पहलकदमीको खाँचो औँल्याउनुभयो ।

जनताले अनुभूति गर्ने गरी देश र जनताका पक्षमा संसद् र संसदीय समितिले काम गर्न जरुरी रहेको बताउँदै सदस्यहरूले सङ्घीय निजामती, प्रहरी र शिक्षासम्बन्धी विधेयकलाई छिटो निकास दिनु आवश्यक रहेको बताउनुभयो ।

सुशासन र कानुनी राज्यको अनुभूति दिलाउनुपर्ने कयौँ निकायबाट हुने निर्णयले पूर्वाधार निर्माणलगायत विकास कार्यक्रममा बाधा उत्पन्न गराएको पक्षलाई ससदले कानुन निर्माणका क्रममा विशेष ध्यान पुर्याउन सदस्यले सुझाव दिनुभयो । बैठकमा सदस्यले समितिको प्रभावकारिता र सभापति खतिवडालाई सफल कार्यकालका लागि बधाई ज्ञापन गर्नुभएको थियो । रासस

# प्रदेश संसदीय दलको प्रमुख सचेतकबाट राजीनामा

मनहरी । बागमती प्रदेश कांग्रेस संसदीय दलका प्रमुख सचेतक कुन्दनराज काफ्लेले पदबाट राजीनामा दिनुभएको छ । उहाँले संसदीय दलका नेता बहादुरसिंह लामालाई मंगलबार बिहान भेटेर राजीनामा बुझाउनुभएको हो । काफ्लेलाई प्रदेश संसदीय दलको २०७९ माघ २ गते बसेको बैठकले दलको प्रमुख सचेतकमा नियुक्त गरेको थियो ।

पार्टीको केन्द्रीय सदस्यसमेत रहनुभएका काफ्ले प्रदेशसभा सदस्यमा दोलखाको प्रदेशसभामा क्षेत्र नं १ को (१) बाट निर्वाचित हुनुभएको थियो । संसदीय दलका नेता लामालाई राजीनामा पत्र बुझाउँदै गरेको फोटो सामाजिक सञ्जालमा पोष्ट गर्नुभएका काफ्लेले दलको प्रमुख सचेतकको भूमिका निर्वाह गर्दा, पार्टी सङ्गठन र दोलखाली जनतालाई समय दिन नसकेको महसुस गरेकाले राजीनामा दिनु परेको कुरा उल्लेख गर्नुभएको छ ।

# ‘इरिट्रियालीलाई सामूहिक निष्कासन गर्नु गैरकानुनी’



**एएफपी**

जेनेभा । इरिट्रियाका शरणार्थीबीच सप्ताह अन्तमा भएको झडपपछि इरिट्रियाका नागरिकको सामूहिक निस्कासन नगर्न इजरायललाई आग्रह गर्दै यसले ‘अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन’ गर्ने र गम्भीर मानवीय परिणाम निम्त्याउन सक्ने चेतावनी संयुक्त राष्ट्रसङ्घले दिएको छ । संयुक्त राष्ट्रसङ्घीय शरणार्थी निकायले इरिट्रियाको सरकारी कार्यक्रमविरुद्ध शनिबार भएको प्रदर्शन हिंसात्मक बनेपछि भएको झडपमा २०० भन्दा बढी घाइते भएकोमा गम्भीर चिन्ता व्यक्त गरेको छ।

इजरायलको व्यापारिक केन्द्र तेल अभिभमा सरकारी कार्यक्रम आयोजना हुन नदिन सयौँको सङ्ख्यामा सरकार विरोधी इरिट्रियालीहरू भेला भएपछि झडप सुरु भएको थियो।

जेनेभामा पत्रकारहरूसँग कुरा गर्दै विलियम स्पिन्डलरले भन्नुभयो, “यूएनएचसीआरले शान्ति र संयमका लागि आह्वान गर्दछ र सबै पक्षलाई स्थितिलाई थप बिगार्न सक्ने कुनै पनि कदम नचाल्न आग्रह गर्दछ ।” घटनाहरूको लागि ‘जवाफदेहिता स्थापित गर्न महत्वपूर्ण छ’ भन्ने कुरामा जोड दिँदै उहाँले इजरायललाई देशमा इरिट्रियालीविरुद्ध व्यापक कदम नचाल्न चेतावनी दिनुभयो ।

उहाँले भन्नुभयो, “इरिट्रियाका सबै शरणार्थीलाई असर गर्ने कुनै पनि निर्णय वा पुनःस्थापनाको घटनाअन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन हुनेछ।”

क्षतिपूर्ति, वा कसैलाई यातना, क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायको सामना गर्न सक्ने देशमा फिर्ता गर्ने सामूहिक सजायलाई अन्तर्राष्ट्रिय कानुनअनुसार प्रतिबन्धित गरिएको छ । इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले झडपमा भाग लिएका एक हजार इरिट्रियालीलाई देश निकाला गर्नेबारे विचार गरिरहेको बताएपछि उहाँको यो टिप्पणी आएको हो।

विश्वको सबैभन्दा अधिनायकवादी राष्ट्रमध्येको एक मानिएको इरिट्रियाको अवस्था ‘अपरिवर्तित रहेको’ मा जोड दिँदै स्पिन्डलरले चेतावनी दिनुभयो, “मानिसहरूलाई त्यहाँ फिर्ता पठाउँदा ‘अकल्पनीय मानवीय परिणामहरू’ निम्तिन सक्छ।”

उहाँले इजरायलमा बसोबास गर्ने अधिकांश शरणार्थी शान्तिपूर्ण र कानूनको पालना गर्ने भएको बताउनुभयो । उहाँले भन्नुभयो, “सेप्टेम्बर२माभएकोघटनाअत्यन्त खेदजनक छ र यसले इजरायलमा रहेका सबै इरिट्रियाली समुदायको व्यवहारलाई प्रतिबिम्बित गर्दैन।”

जुन महिनाको तथ्याङ्कअनुसार इजरायलमा १७ हजार ८५० इरिट्रियाली शरणार्थी रहेका छन्।

यूएनएचसीआरका अनुसार शनिबार भएको झडपमा १७० भन्दा बढी शरणार्थी र दर्जनौं प्रहरी अधिकारी घाइते भएका छन् । यसैबीच संयुक्त राष्ट्रसङ्घको अधिकार कार्यालयद्वारा कानून कार्यान्वयन गर्ने निकायबाट बल प्रयोगको निन्दा गरेको छ । “अस्पतालहरूले गोली लागि चोट लागेका घाइतेहरू अस्पतालमा पुगेकोले हामी बुझ्छौं कि प्रदर्शनका क्रममा प्रत्यक्ष गोली प्रयोग गरिएको थियो,” अधिकार कार्यालयका प्रवक्ता रविना शमदासानीले भन्नुभयो। उहाँले भन्नुभयो, “हामी चोटपटकको उच्च सङ्ख्याबाट चिन्तित छौं र घटनाको गम्भीर अनुसन्धान हुनुपर्दछ भन्ने हाम्रो भनाइ हो।”

# प्लास्टिक प्रदुषण सम्झौताका लागि विश्व सकारात्मक दिशामा : संयुक्त राष्ट्रसङ्घ

**एएफपी**

पेरिस । संयुक्त राष्ट्रसङ्घले प्लास्टिक प्रदुषण सङ्कटसँग जुध्न बाध्यकारी सन्धिको पहिलो मस्यौदा सार्वजनिक गरेसँगै विश्वले प्लास्टिक प्रदुषण नियन्त्रणको दिशामा एक कदम अगाडि बढेको छ।

सन् २०२४ को अन्त्यसम्ममा विश्वका १७५ देशले समुद्र, चराचुरुङ्गीको पेट र हिमालको चुचुरोमा हुने प्लास्टिक प्रदूषणलाई नियन्त्रण गर्ने ऐतिहासिक सम्झौतामा पुग्ने गरी काम गरिरहेका छन् । पछिल्ला बर्षहरूमा रगत र आमाको दूधमा समेत माइक्रोप्लास्टिक्स भेटिएको छ।

शताब्दीको सुरुदेखि नै विश्वव्यापी प्लास्टिक उत्पादन दोब्बरभन्दा बढी बढेर ४६ करोड टन पुगेको छ र केही नगरे सन् २०६० सम्ममा यो तीन गुणाले बढ्न सक्छ। अहिले नौ प्रतिशत मात्रै रिसाइकल भइरहेको छ।

अन्तरसरकारी वार्ता समितिले प्रकाशित गरेको सम्झौताको मस्यौदा केन्याको राजधानी नैरोबीमा नोभेम्बर १३ र १९ मा हुने नयाँ वार्ताको आधार बन्ने संयुक्त राष्ट्रसङ्घीय वातावरण कार्यक्रमले सोमबार जनाएको छ । यी प्रस्तावहरूमा प्राथमिक प्लास्टिक पोलिमरको उत्पादन घटाउने समावेश छ, जुन गैरसरकारी संस्थाहरूले वर्षौंदेखि वकालत गर्दै आएका छन् । संयुक्त राज्य अमेरिका र खाडी देशहरू जस्ता प्रमुख प्लास्टिक उत्पादकहरूले यस उपायको कडा विरोध गर्न सक्दछन्। उनीहरू फोहर कम गर्न पुनः प्रयोग र रिसाइक्लिङलाई बढावा दिन रुचाउँछन्।

“मस्यौदा बाँकी वार्ताका लागि ठोस आधार हो तर यसमा बलियो र कमजोर दुवै विकल्पहरू समावेश छन्,” वातावरणीय दबाब समूह डब्ल्यूडब्ल्यूएफका विश्वव्यापी प्लास्टिक नीति प्रमुख एरिक लिन्डेब्जेर्गले सामाजिक सञ्जालमा पोस्ट गर्नुभएको छ । “अब देशहरूले असफलताभन्दा महत्वाकांक्षा रोज्ने समय आएको छ,” उहाँले भन्नुभयो।

ग्रिनपिसका वरिष्ठ नीति सल्लाहकार साम चेतन वेल्शले प्लास्टिक पोलिमरको उत्पादनलाई सीमित गर्ने योजनालाई ‘आवश्यक’ भएको बताउनुभयो।

उहाँले भन्नुभयो, “सबैभन्दा तात्कालिक लडाइँ भनेको हामीसँग विश्वव्यापी रूपमा बाध्यकारी सन्धि छ कि छैन वा कमजोरीहरूले भरिएको सम्झौता हो ताकि कसैले पनि केही गर्नु पर्दैन ।” नैरोबीपछि अर्को वर्ष अप्रिलमा क्यानडामा वार्ता गरिनेछ भने सन् २०२४ को अन्त्यमा दक्षिण कोरियामा यो वार्ता टुङ्गिने छ।

# नेपाली क्रिकेट टोलीलाई पूर्वराष्ट्रपति भण्डारीको बधाई

काठमाण्डु । पूर्वराष्ट्रपति विद्यादेवि भण्डारीले एसिया कपको आफनो पहिलो सहभागितामा नेपाली राष्ट्रिय पुरुष क्रिकेट टोलीले उत्कृष्ट खेल प्रर्दशन गरेको भन्दै खेलाडी, प्रशिक्षक एवम् नेपाल क्रिकेट सङ्घ (क्यान)लाई बधाई दिनुभएको छ।

पाकिस्तान र श्रीलङ्कामा भएको एसिया कप क्रिकेट प्रतियोगितामा नेपाली टोलीले विश्व वरियतामा शीर्ष स्थानमा रहेका पाकिस्तान र भारतजस्ता बलिया टोलीसँग उत्कृष्ट खेल प्रदर्शन गर्दै विश्व क्रिकेटप्रेमीको मन जित्न सफल भएकोमा पूर्वराष्ट्रपति भण्डारीले बधाई दिनुभएको हो। उहाँले यस किसिमको उत्कृष्ट खेल प्रदर्शनले नेपालको क्रिकेट खेलको विकासमा नयाँ सम्भावनाको ढोका खुलेको उल्लेख गर्दै क्रिकेटसँग सम्बन्धित पूर्वाधार निर्माणका साथै खेलाडीको क्षमता विकासमा लगानी बढाउन सकेमात्र क्रिकेट खेलले थप व्यावसायिकता र प्रतिस्पर्धी क्षमता विकास गर्न सक्ने बताउनुभयो।



पूर्वराष्ट्रपति भण्डारीले सरकार, निजी क्षेत्र र शैक्षिक संस्थाले क्रिकेटलगायत समग्र नेपाली खेलकुदको विकासमा थप लगानी गर्न आवश्यक रहेको बताउनुभयो। एसिया कप क्रिकेट प्रतियोगितामा नेपाल पाकिस्तान र भारतसँग पराजित भए पनि नेपाली टोलीले उत्कृष्ट खेल प्रदर्शन गरेको थियो।

यसैगरी पूर्वराष्ट्रपति भण्डारीले मलेसियामा जारी आइसिसी महिला ट्वान्टी-२० विश्वकप एसिया क्षेत्र छनोटमा नेपाली महिला टोलीले उत्कृष्ट खेल प्रर्दशन गरेकामा बधाई दिनुहुँदै थप सफलताको कामना गर्नुभएको छ । उक्त प्रतियोगितामा नेपाल लगातार चौथो जित निकाल्दै सेमिफाइनल पुगेको छ । उक्त प्रतियोगितामा समूह ‘ए’ मा रहेको नेपालले कतारलाई नौ विकेट, घरेलु टोली मलेसियालाई पाँच रन, बहराइनलाई १० विकेट र भुटानलाई तीन विकेटले पराजित गरेको थियो । नेपालले समूह चरणको अन्तिम खेल बुधबार संयुक्त अरब इमिरेट्स (युएई)सँग खेल्नेछ। रासस

# रुसी सेनामा भर्ती गर्न क्युवाबाट मानव तस्करी

**एएफपी**

हवाना । मानव तस्करहरूको सञ्जालले क्यारेवियन मुलुक क्युवालाई पनि गाँजेको पाइएको छ। रुसी सेनामा भर्ती गर्ने भन्दै त्यहाँका युवालाई मस्को पुऱ्याउने प्रपञ्च भइरहेको खुलासा शुक्रबार एक अखबारमा समाचार छापिएपछि भएको हो । युक्रेनको युद्धमा क्युवा संलग्न नभएकाले क्युवाली नागरिकलाई कुनै पनि देशविरुद्ध हतियार प्रयोग गर्न भर्ती वा काममा लगाउने जुनसुकै किसिमको मानव बेचबिखनमा संलग्न जो कोहीलाई कडा कारवाही गरिने विदेश मन्त्रालयले एक वक्तव्य निकालेर चेतावनी दिएको छ । गत शुक्रबार मियामीको अमेरिका टेभि अखबारमा दुई जना क्युवाली किशोरले आफूहरू ठगिएको तथा युक्रेनमा निर्माणस्थलमा रूसी सेनाको साथमा काम गर्न बाध्य पारिएको बताउँदै आफूहरूको यथाशीघ्र उद्धार गर्न आग्रह गरेको समाचार छापिएपछि मानव तस्करीबारे खुलेको हो भने क्युवा सरकारले पनि आफ्नो भनाइ आज सार्वजनिक गरेको हो।

एक जना पीडितले आफू सुत्न नसकेको तथा आफूमाथि कुटपिट भएको दाबी गरेका छन्। पीडितहरूलाई रुसमा वैधानिक रुपमा बस्न रुसी सेनामा संलग्न गराइएको दस्तावेजमा हस्ताक्षर गराइएको समाचारमा बताइएको छ।

# क्षेत्रीय आर्थिक वृद्धिमा केन्द्रित आसियान शिखर सम्मेलन सुरु

**सिन्ह्वा**

जकार्ता । दक्षिणपूर्वी एसियाली क्षेत्रलाई आर्थिक वृद्धिको केन्द्रविन्दुका रूपमा स्थापित गर्ने उद्देश्यका साथ दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको सङ्गठन ९आसियान० को ४३औं शिखर सम्मेलन सम्मेलन जकार्तामा सुरु भएको छ।




क्षेत्रीय आर्थिक वृद्धिमा केन्द्रित यो शिखर सम्मेलनको उद्घाटन गर्दै इन्डोनेसियाका राष्ट्रपति जोको विडोडोले आसियानलाई एकताबद्ध रहन र कुनै पनि शक्तिका पछाडि नलाग्न आग्रह गर्नुभयो । आसियान अध्यक्ष उहाँले सदस्य मुलकमा एकअर्काको अहित हुने तथा आफ्नो भूमिलाई प्रतिद्वन्द्वीको अखाडा नबनाउन आग्रह गर्दै स्थिर, समृद्ध एवं शान्त आसियान निर्माणमा योगदान गर्न अह्वान गर्नुभयो।

आगामी तीन दिनसम्म जारी सञ्चालन हुने सम्मेलनमा सदस्य राष्ट्रका नेताहरूले समुदाय र संस्थाको रूपमा आसियानको भविष्यको खाका तयार गर्ने, सङ्गठनलाई अझ गतिशील तुल्याउने तथा क्षेत्रीय आर्थिक वृद्धिका विषयलाई केन्द्रमा राखेर छलफल गर्ने अपेक्षा गरिएको छ।

ब्रुनाई, कम्बोडिया, इन्डोनेसिया, लाओस, मलेसिया, म्यान्मा, फिलिपिन्स, सिङ्गापुर, थाइल्याण्ड र भियतनाम सदस्य रहेको आसियान शिखर बैठकमा म्यान्मा सङ्कटलाई लिएर चिन्ता व्यक्त भएको फ्रान्सेली समाचार समिति एएफपीले जनाएको छ।

आसियान नेताहरूले सन् २०२१ मा प्रजातन्त्रवादी नेत्री आङ सान सुचीको सरकारलाई सैन्य विद्रोहबाट अपदस्थ गरेपछि दैनिक रुपमा भइरहेका घातक हिंसाविरुद्ध एकजुट भएर आवाज उठाउन आह्वान गरेका छन्। साथै उनीहरूले दक्षिण चीन सागरमा चीनको बलमिच्च्याइँ नियन्त्रण गर्नुपर्नेमा जोड दिएका छन् । चीनले हालै प्रकाशन गरेको राजनीतिक नक्साबारे पनि बैठकमा छलफल भएको थियो । उक्त नक्साले विवाद बढाउने निष्कर्ष शीर्ष नेताहरूले निकालेका छन्।

म्यान्माको सैनिक सरकारले अन्तरराष्ट्रिय आलोचनालाई बेवास्ता गरेको र आफ्ना विपक्षीहरूसँग संलग्न हुन अस्वीकार गरेकोले आसियान नेताहरूले एकताबद्ध भएर अघि बढ्ने अडान राख्ने प्रयास गर्ने तथा तत्काल हिंसा अन्त्य गर्न पुनः वार्ता थाल्न सुझाएका छन्।

शिखर सम्मेलनमा अनुपस्थित रहेको म्यान्मा आसियानको आगामी अध्यक्ष नहुने प्रायः पक्का भएको एएफपीले प्राप्त गरेको एक दस्तावेजमा जनाइएको छ । फिलिपिन्सले सन् २०२६ मा म्यान्माबाट आसियानको अध्यक्षता लिने घोषणा हुने अपेक्षा गरिएको छ।

तीन दिनसम्म आयोजना हुने शिखर बैठकका सिलसिलामा विश्व शक्ति राष्ट्रका सरकार प्रमुख एवं तिनका प्रतिनिधिसँग पनि आसियान नेताहरूले भेटवार्ता गर्ने परम्परा छ। अमेरिका र चीनबीच स्वतन्त्र व्यापार, जलवायु परिवर्तन र विश्वव्यापी सुरक्षालाई लिएर छलफल हुनेछ । चिनियाँ प्रधानमन्त्री, अमेरिकी उपराष्ट्रपति तथा रुसी विदेशमन्त्री आ-आफ्नो देशका सरकार प्रमुखको प्रतिनिधित्व गर्दै जाकार्तामा भेला हुने कार्यक्रम छ।

आसियान राष्ट्र/सरकार प्रमुखको शिखर सम्मेलनको पूर्वसन्ध्यामा सोमबार आसियान विदेशमन्त्रीहरूको बैठक भएको थियो । इन्डोनेसियाका राजनीतिक, कानुनी र सुरक्षा मामिलाको प्रभारी संयोजक मन्त्री मोहम्मद महफुदले म्यान्मा सङ्कट समाधानका प्रयासमा उल्लेख्य प्रगति नहुँदा आसियान समुदायको शक्तिलाई एकपछि अर्को चुनौती थपिएको बताउँदै त्यसले सङ्गठनमा नकारात्मक प्रभाव पारेको बताउनुभयो। उहाँले भूराजनीतिक तनाव र प्रतिद्वन्द्वीताले थप द्वन्द्व निम्त्याउने चेतावनी दिनुभयो।

# ग्रेटवाल भत्काउने दुई जना समातिए

**एएनआई**

बेइजिङ। चीनको विशाल पर्खाल अर्थात् ग्रेटवाल भत्काएको अभियोगमा दुई जनालाई पक्राउ गरिएको छ । उत्तरी शान्क्सी प्रान्तमा उत्खनन यन्त्र प्रयोग गरी ग्रेटवाल को एक भागमा क्षति पुऱ्याएको आरोपमा उनीहरूलाई पक्राउ गरिएको केबल न्युज नेटवर्क (सिएनएन)ले जनाएका छ।

राज्य सञ्चालित प्रसारण संस्था चाइना सेन्ट्रल टेलिभिजन ९सिसिटिभी०लाई उद्धृत गर्दै सिएनएनले जनाएअनुसार याङकियानहे टाउनशिपमा पर्खालमा ठूलो खाडल खनिएको युयु काउन्टीका अधिकारीहरूले अगस्ट २४ मा जानकारी प्राप्त भएको बताएका छन् । सुरक्षा अधिकारीहरूले अनुसन्धान जारी राखेका छन्।

बत्तीसौँ ग्रेट वाल खण्डका कारण पर्खाल पारी जान लामो बाटो हिँड्नुपर्ने भएपछि एक जना ३८ वर्षीय पुरुष र ५५ वर्षीया महिलाले उत्खनन यन्त्र प्रयोग गरी पर्खाल भत्काएर छोटो बाटो (सर्टकट) बनाएको प्रारम्भिक अनुसन्धानबाट खुलेको अधिकारीहरूले बताएका छन्। यो घटनाबाट राष्ट्रिय अखण्डता र सुरक्षामा खलल पुगेको उनीहरूले बताएका छन्।

बत्तीसौँ ग्रेट वाल खण्ड मिङ काल (१३६८-१६४४) बाट बाँकी रहेका केही पूर्ण पर्खाल र वाच टावरहरू मध्ये एक हो । यसलाई प्रान्तीय सांस्कृतिक अवशेष स्मारकका रूपमा सूचीकृत गरिएको छ। सन् १९८७ मा चीनको यो विशाल पर्खाललाई संयुक्त राष्ट्रसङ्घीय शैक्षिक तथा वैज्ञानिक सङ्गठन (युनेस्को)ले विश्व सम्पदास्थलका रुपमा घोषणा गरेको हो।

।। हार्दिक श्रद्धाञ्जली ।।



स्व. दुखनी देवी यादव

हाम्रा अत्यन्त सहयोगी एवं नेपाल इञ्जिनियर्स एशोसिएशन मधेश प्रदेशका पूर्व सभापति तथा समाजवादी इञ्जिनियर्स एशोसिएशन(सीन)का केन्द्रिय उपाध्यक्ष इ.नन्द किसोर यादवका प्रात:स्मरणीय ममतामयी आमा **दुखनी देवी यादव**को मिति २०८० भदौ १४ गते देहावसान भएको खबरले हामी अत्यन्त मर्माहित भएका छौ ।

असिमशोकको घडीमा दिवंगत आत्माको चीरशान्तिको कामनागर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौ ।

राजेन्द्र यादव एवं बृजकुमार यादव

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि. परिवार

# बेरुजु फछ्र्यौट र आर्थिक पारदर्शिताका लागि लेखा समितिले भूमिका खेल्नुपर्नेमा जोड



चक्रिय अन्नपूर्ण पदयात्राले समेटिएको म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ पुनहिलमा खुल्दै गरेको हिमालको अवलोकन गर्दै स्वदेश तथा विदेशी पर्यटक। तस्विर : रासस

काठमाण्डु । बर्सेनि बढिरहेको सरकारको बेरुजु घटाउँदै लैजान र सरकारका आर्थिक गतिविधिलाई मितव्ययी तथा पारदर्शी बनाउन सङ्घीय संसद् प्रतिनिधिसभा अन्तर्गतको सार्वजनिक लेखा समितिको भूमिका महत्वपूर्ण हुनुपर्नेमा सांसदहरूले जोड दिनुभएको छ । सरकारको आर्थिक कारोबार माथिको निगरानी र वित्तीय अनुशासन पालना गराउन भूमिका खेल्नुपर्ने धारणा लेखा समितिको मंगलबारको बैठकमा सांसदहरूले राख्नुभएको हो ।

लेखा समितिका सभापति ऋषिकेश पोखरेलले सरकारी बेरुजु बढ्नाका कारण र यसलाई घटाउनका लागि चाल्नुपर्ने कदमबारे सरकार तथा सम्बन्धित मन्त्रालयमार्फत जानकारी लिनुपर्ने बताउनुभयो । अबका दिनमा लेखा समितिले आफ्ना गतिविधि कसरी बढाउने भन्नेबारे मंगलबारको बैठक केन्द्रित छ । सांसद योगेशकुमार भट्टराईले सार्वजनिक लेखा समितिले सरकारका आर्थिक गतिविधिमाथि निगरानी गर्ने र आवश्यक पर्दा कारबाहीका लागि निर्देशन दिनसक्नुपर्ने बताउनुभयो । सुशासन र पारदर्शिताको कमीका कारण अहिलेको व्यवस्थाप्रति जनतामा वितृष्णा जागिरहेकाले जनताको विश्वास जित्नका लागि समितिले भूमिका खेल्ने विश्वास उहाँले व्यक्त गर्नुभयो । राष्ट्रिय मान्यता पाएका दलका आम्दानी र खर्च हेर्न पाउने अधिकार पनि लेखा समितिलाई दिइनुपर्ने सांसद भट्टराईको भनाइ थियो । गैरसरकारी संस्था र अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (एनजिओ/आइएनजिओ) का आर्थिक क्रियाकलाप पारदर्शी हुन नसकेको र उनीहरूले गर्ने खर्च सरकारी लेखा प्रणालीमा आउन नसकेकामा लेखा समितिले यो विषयलाई गम्भीर रूपमा लिनुपर्ने उहाँले बताउनुभयो ।

सांसद डा अमरेशकुमार सिंहले आर्थिक पारदर्शिता कायम गर्ने विषयमा लेखा समितिको भूमिका महत्वपूर्ण हुने बताउनुभयो । दशकौँदेखि फछ्यौंट हुन नसकेका बेरुजुलाई छुट्याएर त्यसलाई टुङ्ग्याउनतर्फ लाग्नुपर्ने उहाँको भनाइ छ ।

सांसद तारा लामा तामाङले सरकारका कामकाजमा आर्थिक अनुशासन पालना र पारदर्शिता कायम गर्नका लागि लेखा समितिले महत्वपूर्ण भूमिका खेल्नुपर्ने बताउनुभयो । जनताको सो अपेक्षा पूरा हुन नसकेको उहाँको भनाइ छ ।

सांसद सञ्जयकुमार गौतमले लेखा समितिको यो कार्यकाल बेरुजु फछ्र्यौट गर्ने र वित्तीय सुशासन कायम गर्नेमा सफल हुने अपेक्षा राखेको बताउनुभयो ।

सांसद गोकुलप्रसाद बाँस्कोटाले लेखा समितिको पहिलो बैठकमै केही सांसद अनुपस्थित भएको र उपस्थित भएका सांसद बैठक अवधिभर बस्न नसकेको प्रसङ्ग उठाउनुहुँदै समितिका कामको प्रभावकारितामाथि प्रश्न उठाउनुभयो । त्यस्तै विकास आयोजनाको प्राविधिक लेखा परीक्षण हुनुपर्ने उहाँको भनाइ छ । बैठक नियमित हुनुपर्ने र समितिका कामको प्रभावकारिता देखिनुपर्ने सांसद बाँस्कोटाले बताउनुभयो ।रासस

# पर्यटन प्रवर्द्धन गर्न महोत्सव

चितवन । चितवनको ईच्छाकामनामा पर्यटन प्रवर्द्धन गर्न महोत्सवको आयोजना गरिएको छ। ईच्छाकामना-४ कुरिनटारमा यही भदौ २७ गतेदेखि असोज ७ गतेसम्म महोत्सव हुने भएको छ।

पर्यटन प्रवर्द्धन तथा आर्थिक गतिविधि चलायमान बनाउन ईच्छाकामना-४ को कार्यालय कुरिनटार र ईच्छाकामना उद्योग वाणिज्य सङ्घ मुग्लिनको आयोजना तथा ईच्छाकामना एफएम कुरिनटारको सह-आयोजनामा महोत्सव हुने भएको हो । जिल्लाको एक मात्र गाउँपालिका ईच्छाकामनाको पर्यटकीयस्थलको प्रवर्द्धन तथा आर्थिक गतिविधि चलायमान बनाउन महोत्सव आयोजना गरिएको महोत्सव मूलसमरोह समितिका संयोजक समेत रहनुभएका इच्छाकामना-४ का वडाध्यक्ष रुद्र उप्रेतीले बताउनुभयो।

“पछिल्लो समय यहाँका व्यवयसाय धरायसी अवस्थामा छन्, आर्थिक गतिविधि चलायमानसँगैं यहाँको पर्यटन प्रवर्द्धनलाई टेवा पुऱ्याउने उद्देश्यले महोत्सव आयोजना गरेका हौं”, उहाँले भन्नुभयो। महोत्सवलाई सफल बनाउन विभिन्न उपसिमिति निर्माण गरी काम गर्रिदै छ।

गाउँपालिका अध्यक्ष दानबहादुर गुरुङले आर्थिक गतिविधिलाई चलायमान बनाउन महोत्सवले महत्वपूर्ण भुमिका खेल्ने बताउनुभयो। साथै उहाँले यहाँ रहेको पर्यटकीय स्थलको प्रवर्द्धन, स्थानीय उत्पादनको प्रवर्द्धन र कला साहित्य संस्कृतिको उजगार तथा संरक्षण गर्न मद्दत पुग्ने बताउनुभयो । महोत्सवबाट गाउँपालिकामा आउने कर बापतको सम्पूर्ण रकम विपन्न बालबालिकाको शिक्षामा खर्च गरिने उहाँले बताउनुभयो ।

महोत्सवको मुख्य आकर्षणमा धार्मिक तथा पर्यटकीयस्थल ईच्छाकामना मन्दिर,जय बालगौरी पाथिभरा सिहंदेवी मन्दिर, मनकामना मन्दिर, सिराइचुली, उपर्दाङगढी, लामो झरनाको अवलोकनका लागि विशेष प्याकेजमा पदयात्रा, आदीवासी जनताजाती तथा सीमान्तकृत समुदायको वेषभूषा रहनसहन तथा संस्कृतिको प्रदर्शनी, औद्योगी प्रदर्शनी, घरेलु एंव कृषि प्रदर्शनी, राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुती रहनेछ। रासस

# नेपालबाट १० हजार मेगावाट बिजुली लैजाने समझदारीपत्र भारतद्वारा अनुमोदन



काठमाण्डु । भारतले नेपालसँगको विद्युत् व्यापारसम्बधी समझदारीपत्र स्वीकृत गरेको छ । नेपालबाट आगामी १० वर्षभित्रमा १० हजार मेगावाट बिजुली लैजाने नेपाल र भारतबीचको समझदारीलाई भारतको सङ्घीय मन्त्रिपरिषद्ले औपचारिकरूपमा स्वीकृत गरेको भारतका लागि नेपाली राजदूत डा शङ्करप्रसाद शर्माले जानकारी दिनुभएको छ । दुई देशबीच गत जेठमा यस विषयमा सहमति भएको थियो ।

सामाजिक सञ्जाल एक्स (ट्वीटर) मार्फत भारतले आगामी १० वर्षमा १० हजार मेगावाट बिजुली खरिद गर्ने निर्णय गरेको उहाँले जानकारी दिनुभएको हो । उक्त निर्णयले नेपालको आर्थिक विकास र पुनःसंरचनामा महत्वपूर्ण योगदान पुऱ्याउनेमा उहाँले विश्वास व्यक्त गर्नुभएको छ।

प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ को भारत भ्रमणका क्रममा दुई देशबीचको दीर्घकालीन विद्युत् व्यापारसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको थियो। नेपाल र भारतका ऊर्जा सचिवले सो समझदारीपत्रमा हस्ताक्षर गर्नुभएको थियो । भारत सरकारको उक्त निर्णयपछि छिट्टै दुवै देशका ऊर्जा सचिवले एक विशेष समारोह आयोजना गरी पुनः संयुक्त हस्ताक्षर गर्नुहुनेछ।

प्रधानमन्त्री दाहालको भारत भ्रमणका क्रममा द्विपक्षीय भेटवार्तापछि आयोजित दुई संयुक्त पत्रकार सम्मेलनमा समेत सो विषयमा जानकारी दिनुभएको थियो । प्रधानमन्त्री दाहालले सो समझदारीलाई ऐतिहासिक भन्दै टिप्पणी गर्नुभएको थियो।

ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव एवम् प्रवक्ता मधुप्रसाद भेटुवालले पनि १० वर्षमा १० हजार मेगावाट बराबरको बिजुली लैजानेसम्बन्धी विषयलाई भारत सरकारको मन्त्रिपरिषद्ले निर्णय गरेको जानकारी आएको बताउनुभयो । “औपचारिक रूपमा जानकारी आउँदै होला, अनौपचारिक रूपमा निर्णय भएको जानकारी आएको छ” उहाँले भन्नुभयो।

सो निर्णय लगत्तै नेपालको बिजुली भारतीय बजारमा सहज रूपमा लैजान बाटो खुलेको छ। नेपालले अल्पकालीन, मध्यकालीन र दीर्घकालीन रूपमा भारतीय बजारमा बिजुली निर्यातका लागि आग्रह गर्दै आएको थियो । हाल नेपाल विद्युत् प्राधिकरणले दैनिक रूपमा भारतीय इनर्जी एक्सचेञ्ज मार्केटमा चार सय ५२ मेगावाट बिजुली निर्यात गर्दै आएको छ । प्राधिकरणले थप बिजुली निर्यातका लागि आग्रह गरेको भए पनि त्यसको स्वीकृत भने नआएको सरकारी अधिकारीको भनाइ छ।

सन् २०१४ मा नै नेपाल र भारतबीच विद्युत् व्यापार सम्झौता भएको थियो। भारतीय कम्पनी सतलज विद्युत् निगमले नौ सय मेगावाट क्षमताको अरुण तेस्रो जलविद्युत् आयोजना निर्माण गरिरहेको छ। यस्तै, भारतीय कम्पनी गान्धी माल्लिकार्जुन राव (जिएमआर)ले नौ सय मेगावाट क्षमताको माथिल्लो कर्णाली जलविद्युत् आयोजना निर्माण गर्ने बताए पनि हालसम्म सुरु हुनसकेको छैन।

त्यस्तै, भारतीय कम्पनी तल्लो अरुण, पश्चिम सेती, एसआर- सिक्स जस्ता आयोजना निर्माणका लागि आवश्यक प्रक्रिया अगाडि बढाएको छ। यस्तै, नेपाल र भारतका कम्पनीबीच संयुक्त उपक्रम तयार पारेर केही आयोजना निर्माण गर्ने समझदारी भएको छ । यसैगरी, नेपालले छिट्टै बङ्गलादेशमा पनि ४० मेगावाट बिजुली निर्यातको तयारी गरेको छ । यसबाट नेपालको बिजुली क्षेत्रीय बजारमा सहजै पुग्ने वातावरण बनेको छ। निजी क्षेत्रले पनि बिजुली व्यापारको अनुमति दिन सरकारसँग माग गर्दै आएको छ। प्रस्तावित नयाँ विद्युत् विधेयकमा सो व्यवस्था गरिएको छ।

ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले छिट्टै निजी क्षेत्रलाई बिजुली व्यापारको अनुमति दिने बताउँदै आउनुभएको छ । मन्त्रिपरिषद्को यही भदौ १२ गतेको मन्त्रिपरिषद्को बैठकले विद्युत् विधेयकलाई सङ्घीय संसद्मा प्रस्तुत गर्न ऊर्जा मन्त्रालयलाई अनुमति दिएको छ। सो विधेयकमा निजी क्षेत्रलाई बिजुली व्यापारका लागि अनुमति दिने प्रस्ताव गरिएको छ। रासस

# सहकारी कानुन कार्यान्वयन नहुँदा स्वेच्छाचारिता बढ्यो: सचिव दुवाडी

काठमाण्डु। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव गोकर्णमणि दुवाडीले सहकारीका कानुन कार्यान्वयन नभएर सहकारीमा स्वेच्छाचारिता बढेको बताउनुभएको छ।

सहकारी पत्रकार समाज मंगलबार यहाँ आयोजना गरेको १३औं स्थापना दिवस कार्यक्रममा उहाँले सहकारी कानुनअनुसार सहकारीले घरजग्गामा लगानी गर्न नपाइने व्यवस्था विपरीत लगानी गरेका सहकारीमा पछिल्लोपटक समस्या आएको सुनाउनुभयो । लगातार एउटै कम्पनीले सहकारीको लेखापरीक्षण गर्न नपाउने कानुन कार्यान्वयनका लागि पनि सहकारी अभियानकर्मी र सञ्चारकर्मीको भूमिका हुने भनाइ पनि सचिव दुवाडीले राख्नुभयो ।

सहकारी कार्यदलको प्रतिवेदनलाई अन्तिम रुप दिन लागिएको उहाँले कार्यक्रममा जानकारी दिनुभयो । सो अवसरमा सहकारी सञ्चारका कार्यकारी सम्पादक हीरा बस्नेतलाई सहकारी क्षेत्रमा उत्कृष्ट समाचार प्रकाशन गरेबापत रु २० हजार राशिको पुरस्कार प्रदान गरिएको थियो।

समाजका संस्थापक सदस्य शर्मिला ठकुरीलाई पनि कार्यक्रममा सम्मान गरिएको थियो । कार्यक्रममा सहकारी महासङ्घका अध्यक्ष मीनराज कँडेल, बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घका अध्यक्ष परितोष पौडेल, सहकारी बैंकका निमित्त प्रमुख प्रशासकीय अधिकृत मदन खड्का, समाजका संस्थापक अध्यक्ष यादव हुमागाईं, पूर्वअध्यक्ष डिल्लीप्रसाद सापकोटा र अध्यक्ष काजीबहादुर श्रेष्ठलगायतले सहकारी क्षेत्रलाई नियमन गर्न सरोकार भएका निकायका समन्वयमा काम गरिनुपर्नेमा जोड दिनुभएको थियो। रासस

# रोजगारीका लागि नक्कली विज्ञापनको भर पर्दा




काठमाण्डु । वैदेशिक रोजगारीका लागि क्यानडा जान पाइने लोभमा नक्कली विज्ञापनको भर पर्दा नेपालीहरू ठगीमा परेका छन् । उनीहरूले रु ३४ लाख ठगिएपछि मात्रै आफू ठगीमा परेको सुइँको पाएका थिए । त्यसपछि उनीहरू प्रहरीको सम्पर्कमा आइपुगेका काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले बताउनुभयो।


कार्यालका अनुसार इन्स्टाग्राममा आकर्षक तलब सुविधामा वैदेशिक रोजगारका लागि क्यानडा जान वर्कपर्मिट भिसा पाइने भनी नक्कली विज्ञापनमा फस्दा पीडितहरू ठूलो रकम गुमाउन पुगेका हुन् ।

अनुसन्धानमा उक्त विज्ञापनपछि सम्पर्कमा पुगेका पीडितलाई क्यानडामा क्यासियरको काम लगाइदिने र त्यसबापत रु पाँच लाख ४५ हजार तलब हुने लोभ देखाएर रकम ठगी गरेको पाइएको हो । “क्यानडा जानका लागि प्रोसेसका लागि आइएलटिएस सर्टिफिकेट र सिभी, राहदानी, शैक्षिक योग्यताको प्रमाणपत्रहरू पठाइदिनुहोस् भनी पटक-पटक ह्वाट्सएपबाट माग गरेको पाइयो, त्यसपछि पीडितले कागजात पठाएका थिए,” प्रहरी उपरीक्षक रेग्मीले भन्नुभयो, “उक्त कागजात पेस गर्न रकम तिर्नुपर्छ भनी पीडितबाट नेपालमा रहेका विभिन्न व्यक्तिहरूका नाममा रहेको बैंक खातामा पैसा हाल्न लगाएको भेटियो।”रासस

# तीन महिनाको माग धान्ने खाद्यान्न मौज्दात

काठमाण्डु। सरकारले तीन महिनाको माग धान्ने खाद्यान्नको मौज्दात रहेको जनाएको छ। प्रतिनिधिसभा, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको मंगलबारको बैठकमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव मधुकुमार मरासिनीले सरकारसँग कूल एक लाख ७० हजार आठ सय दुई क्विन्टल खाद्यान्न मौज्दात रहेको जानकारी दिनुभयो।

“खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र निजी क्षेत्रसँग भएको मौज्दात खाद्यान्नले तीन महिनाको माग धान्न सक्छ, नयाँ धान खरिद गर्ने प्रक्रिया अगाडि बढिसकेको छ”, उहाँले भन्नुभयो, “भारतबाट १० लाख मेट्रिक टन धान, एक लाख मेट्रिक टन चामल र ५० क्विन्टल चिनीको आयात खुला गरिदिन आग्रह गरेका छौं, छिट्टै नै ती खाद्यवस्तुको आपूर्तिको व्यवस्था मिल्नेछ।”



आगामी दिनमा खाद्यान्नको अभाव नहोस् भनेर मन्त्रालयले नयाँ धान खरिद गर्ने प्रक्रिया अगाडि बढाएको जानकारी दिंदै सचिव मरासिनीले खाद्य सङ्कट टार्न हिमाली क्षेत्रमा उत्पादन भएका खाद्यान्नको बजारीकरणको व्यवस्था गरिएको बताउनुभयो। “रैथानेमा गर्व गरौं’ कार्यक्रमअन्तर्गत खाद्य व्यापार कम्पनीले कर्णाली र सुदूरपश्चिम प्रदेशका तीन जिल्लाका सात स्थानीय तहसँग रैथाने बाली खरिदको सम्झौता गरिएको छ”, उहाँले भन्नुभयो। अहिले कम्पनीले हुम्लाको सर्केगाड, अदानचुली र सिमकोट गाउँपालिकाबाट एक हजार दुई सय ६३ किलो कागुनो, दुई हजार दुई सय २३ किलो चिनो, एक हजार नौ सय पाँच किलो फापर र एक हजार ८८ किलो सिमी खरिद गरी बिक्री गरिरहेको छ। सचिव मरासिनीले यही भदौ ४ गते काठमाडौँबाट केरुङ हुँदै हुम्लाको यलवाङ बिक्री केन्द्र र सिमकोटका लागि चार हजार क्विन्टल चामल ढुवानी भएको जानकारी दिनुभयो।

कम्पनीका अनुसार सुगम जिल्लामा ४४ हजार ६८२ क्विन्टल र दुर्गम जिल्लामा १४ हजार चार सय ८२ क्विन्टल चालम मौज्दात छ । बोलपत्रका माध्यमबाट ७२ हजार छ सय ८४ क्विन्टल चामल प्राप्त भइरहेको छ। कम्पनीसँग एक लाख ३१ हजार आठ सय ४९ किलो चामल मौज्दात छ। चार हजार छ सय ३२ क्विन्टल धान मौज्दात रहेको तथा भारतबाट आयात कोटाअन्तर्गत ३४ हजार तीन सय २० क्विन्टल गहुँ आयात भएको कम्पनीले जनाएको छ।

यस्तै डिजेल आठ दिन, पेट्रोल पाँच दिन, हवाई इन्धन १५ दिन र खाना पकाउने एलपी ग्यास १५ दिनको माग धान्ने गरी मौज्दात रहेको सचिव मरासिनीले जानकारी दिनुभयो। साल्ट ट्रेडिङ कर्पोरेसनसँग एक लाख ३९ हजार सात सय ९१ मेट्रिक टन आयोडिनयुक्त नुन र पाँच सय मेट्रिक टन चिनी मौज्दात रहेको उहाँको भनाइ छ । आयोडिनयुक्त नुनको मौज्दात परिमाणले नौ महिनाको माग धान्ने अनुमान गरिएको छ। रासस


## भुमिसुधार तथा मालपोत कार्यालय धनुषाको

## हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला धनुषा गा.वि.स.धनौजी वार्ड नं. २ हाल धनौजी गा.पा. वडा नं. ४ मा बस्ने राम भरण साहको नाती सुनर साहको छोरा लक्ष्मी साह तेलीको मिति २०५५/०३/१० ऐ.ऐ. बस्ने सुनर साहको बुहारी लक्ष्मी साह तेलीको श्रीमती गजनी देवी तेलिनको मिति २०४४/०७/११ को दिन आफ्नै कालगतिले प्रलोक भई सकेको निज दम्मतीको कोखबाट छोराको जाय जन्म नभएको छोरीहरुको हकमा जेठी छोरी कोशिला देवी साह तेली-१ र कान्छी छोरी ननद कुमारी तेलीन-१ समेत जना २ मात्र मध्ये जेठी छोरी कोशिला देवी तेलिनको पनि मिति २०७३/०३/३० मा मृत्युभई सकेको र कोशिलाको पतीको पनि आफ्नो कालगतिले मृत्यु भै हकखाने निज दम्पतिबाट एक मात्र छोरा जन्म भएको निज दम्मपतिबाट अरु कुनै छोरीहरु नरहेकोले वाहेक अन्य कोही हकदार नरहेको निज वालकको मंजुरीमा वालकको एकमात्र मौसी नन्द कुमारी तेलकीको नाउँमा जग्गा धनी लक्ष्मी साह तेलीको तपसिलमा रहेको जग्गाको मेरो नाममा एकलौटी नामसारी गरी पाउँ भनी माग निवेदन भएको र सोही अनुसारको धनौजी गाउँपालिका ४ नं. वडा कार्यालय को च.नं. ४४ मिति २०८०/०४/११ गतेको वडा मुचुल्का सहितको सिफारिस भै आएको र सोही अनुसारको सनाखत भएको।

यसमा जग्गा धनी मृत्यु पश्चात हकखने यी निवेदक वाहेक अन्य कोही हकखाने हकदार भएको भए वा कोही कसैलाई कुनै किसिमको असर फरक पर्ने वा यी निवेदकहरु को नाउँमा जग्गा नामसारी हुन नपर्ने कुनै करण भए, यो सूचना प्रकाशित भएको मितिले ३५ पैतिस दिन भित्र आफुसँग भएको सवुत प्रमाण लिई दी उजुरी गर्न यस कार्यालयमा आउनु होला म्याद भित्र दावी उजुरी नपरी म्याद समाप्त भए पछि कानून बमोजिम मु.दे.स. २०७४ को परिच्छेद ११ को दफा २३९(१) बमोजिम भई जाने व्यहोरा सबैमा यसै सूचना द्वारा सुचित गरिएको छ।

**तपसिल**

| जिल्ला | गा.वि.स. | वार्ड | कि.नं. | क्षे. फ. | कै. |
|---|---|---|---|---|---|
| धनुषा | धनौजी | १क | २०४ | ०-२-९ | |

# गाउँपालिका अध्यक्षसहित तीनै जना धरौटीमा रिहा

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको विष्णुपुर गाउँपालिकामा सोलार बत्ती जडान कार्यको भुक्तानी दिनेक्रममा घुस लिएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दायर गरेको मुद्दामा पालिका अध्यक्ष उमेश प्रसाद यादवसहित तीनै जना मंगलबार धरौटीमा रिहा भएका छन । अध्यक्ष यादव दुई लाख रुपैयाँ र अन्यले तीन तीन लाख रुपैयाँ धरौटी बुझाइ रिहा भएका छन ।



विशेष अदालतका न्यायाधीश शालिग्राम कोइराला र श्रीकान्त पौडेलको संयुक्त ईजलासले उनीहरुलाई धरौटीमा रिहा गर्ने आदेश दिएका थिए । उनी तीनैजना विरुद्ध मंगलबार विशेष अदालतमा आरोपपत्र दायर गरिएको थियो ।

गाउँपालिकामा आर्थिक वर्ष २०७९/८० मा भएको सोलार बत्ति जडान कार्य सम्पन्न भएपछि अन्तिम भुक्तानी दिने क्रममा जडान गर्ने कम्पनीका प्रतिनिधिबाट घुस लिएको कसुरमा गाउँपालिका अध्यक्ष यादव, लेखापाल टेकनारायण यादव तथा एमआइएस अपरेटर बिरेन्द्र कुमार यादव बिरुद्ध बिगो, कैद र जरिवाना माग दाबी गर्दै आरोपपत्र दायर गरिएको थियो ।

अख्तियारका प्रवक्ताभोलादाहालका अनुसार अध्यक्ष, लेखापाल र एमआइएस अपरेटरको मिलेमतो र योजनामा जडानकर्ता कम्पनीका प्रतिनिधिसँग २ लाख नगद र तीन लाखको चेक घुसवापत लिएको पाइएकाले प्रतिवेदनसहित आरोपपत्र दायर गरिएको थियो ।

तीनै जनामाथि भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ को उपदफा १ बमोजिम बिगो, कैद र जरिवाना माग गरिएको थियो । उनीहरुबाट ५ लाख बिगो र बिगो बमोजिमको कैद र जरिवाना असुल गर्न माग गरिएको थियो ।

# अध्यक्षमा साह विजयी

**टुडे समाचारदाता**

रौतहट । रौतहटको नगर उद्योग वाणिज्य संघ गरुडाको अध्यक्षमा सतिश साह विजयी भएका छन् ।

साहले आफ्ना निकटतम प्रतिद्वन्दी सन्तोष कुमार चौधरीलाई १ सय ३९ मतले पराजित गर्दै अध्यक्षमा निर्वाचित भएका हुन । साहले निर्वाचनमा खसेको कुल ८ सय ४४ मत मध्ये ४ सय ८८ मत प्राप्त गर्दै विजयी भएको निर्वाचन समितिले जनाएको छ । अध्यक्षका उम्मेद्वार सन्तोष कुमार चौधरीले कुल ३ सय ५६ मत मात्र प्राप्त गरी पराजित भएका छन् ।

त्यस्तै सदस्यहरुमा चुनचुन यादव, सुशीला देवी, रामबाबु साह, छठु प्रसाद साह लगायतका निर्वाचित भएका छन् । संघको नयाँ नेतृत्व चयन गर्नका लागि भदौ १८ गते सोमबार निर्वाचन भएको थियो ।

# सयौं जना जनमतमा प्रवेश



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा विभिन्न पार्टी परित्याग गर्दै सयौंको संख्यामा नेताकार्यकर्ताहरु जनमत पार्टीमा प्रवेश गरेका छन् । मंगलबार जनमत पार्टी धनुषाले महेन्द्रनगरमा आयोजना गरेको वृहत् पार्टी प्रवेश कार्यक्रममा विभिन्न पार्टीका पाँच सय भन्दा बढी नेताकार्यकर्ताजनमतमा प्रवेश गरेका छन् ।

नेपाल समाजवादी पार्टी (नेसपा) का धनुषा जिल्ला अध्यक्ष पवन मण्डलको नेतृत्वमा नेसपाका जिल्ला कार्यसमिति ,केन्द्रीय सदस्य ,प्रदेश सदस्यसहित एक सय भन्दा बढी जनमत पार्टीमा प्रवेश गरेको बताइएको छ ।

त्यसैगरी लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)का धनुषा क्षेत्र नं.४ का क्षेत्रीय अध्यक्ष जितनारायण साहको नेतृत्वमा लोसपाका क्षीरेश्वरनाथ नगरपालिकाकोकार्यसमितिकासदस्यहरु, बटेश्वर गाउँपालिकाको कार्यसमितिका पदाधिकारीहरु, मिथिला नगरपालिका कार्यसमितका पदाधिकारीहरुसहित एक सय ५० जना भन्दा बढी लोसपा परित्याग गरी जनमतमा प्रवेश गरेका छन् ।

त्यसैगरी ,राष्ट्रिय प्रजातान्त्रिक पार्टी (राप्रपा)का नेता दिपनारायण यादवको नेतृत्वमा राप्रपाका धनुषा क्षेत्र नं.४ का एक सय भन्दा बढी नेता कार्यकर्ताले जनमत पार्टी प्रवेश गरेको जनाइएको छ ।

त्यस्तै, नेकपा एमाले, नेपाली कांग्रेस, जनता समाजवादी पार्टी नेपाल( जसपा), माओवादी केन्द्रका नेताकार्यकर्ताहरुसहित पाँच सय भन्दा बढी नेताकार्यकर्ता जनमत पार्टीमा प्रवेश गरेको जनमत पार्टीका धनुषा इन्चार्ज सुरेन्द्र मण्डलले जनाए ।

नवप्रवेश नेताकार्यकर्ताहरुलाई जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा.सीके राउत र जनमत पार्टीका महासचिव तथा मधेश सरकारका श्रम तथा यातायात मन्त्री चन्दन कुमार सिंहले फूलमाला र अबिरको टीका लगाएर पार्टीमा स्वागत गरेका थिए । नवप्रवेशीहरुलाई अध्यक्ष डा.राउतले पार्टीको सदस्यतासमेत प्रदान गरेका थिए ।

कार्यक्रममा जनमत पार्टीका राष्ट्रिय सचिव तथा पूर्व कृषि राज्यमन्त्री प्रदेश सांसद संजय यादव, राष्ट्रिय सचीव बीपी साह, केन्द्रीय कार्यकारिणी सदस्य रेखा मण्डल ,अंजली मण्डल, प्रदेश सांसद अनिता कुमारी साहसहित पार्टीका केन्द्रीय सदस्य ,राजनीतिक समिति सदस्य ,प्रदेश सदस्यसहित जिल्लाका नेताकार्यकर्ताहरुको उपस्थिति रहेको थियो ।

# गुरुयोजना निर्माण कार्य अन्तिम चरणमा

**टुडे समाचारदाता**

जनकपुरधाम । जलस्रोतको बहुउद्देश्यीय उपयोग र व्यवस्थापनका लागि सरकारले बनाउन थालेको एकीकृत गुरुयोजना अन्तिम चरणमा पुगेको छ । जल तथा ऊर्जा आयोग सचिवालयको नेतृत्वमा नदी बेसिन योजना, जलविद्युतको विकास गुरुयोजना तथा रणनीतिक वातावरण सामाजिक मूल्याङ्कनसम्बन्धी योजना निर्माणको काम अन्तिम चरणमा पुगेको सचिवालयका सचिव सुशीलचन्द्र तिवारीले जानकारी दिएका छन ।



गुरुयोजनाको मस्यौदा अन्तिमरुप दिन प्रदेशस्तरबाट राय सुझाव लिने क्रममा मंगलबार जनकपुरधाममा आयोजित अन्तरक्रिया गोष्ठीमा सचिव तिवारीले कोरोना महामारीका कारण केही समय ढिलाइ हुन गए पनि गुरुयोजनाको मस्यौदा तयार भइ त्यसमाथि सरोकारवाला व्यक्ति र निकायबाट राय सुझाव लिने काम भइरहेको बताए ।

"सुरुमा विश्व बैंकको सहयोगमा योजना तयार गर्ने भनिए पनि कोरोना महामारीका कारण बैंकबाट निरन्तर सहयोग पाइएन । पछि नेपाल सरकारकै करिब रु ३५ करोडको लागतमा योजना निर्माणको काम गरिएको हो", सचिव तिवारीले भने, "यसमा जलस्रोत, ऊर्जा, सिँचाइ, खानेपानी, नदी प्रणालीलगायतका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रका विज्ञको योगदान रहेको छ । जसले जलस्रोत क्षमता र त्यसको बहुउपयोग (खानेपानी, सिँचाइ र जलविद्युत) का सन्दर्भमा ठोस् मार्गदर्शन दिनेछ। यसले सन् २०५० सम्मको सम्भाव्यता र उपयोगिताको कुरा गर्नेछ ।"

सो अवसरमा मधेश प्रदेशका ऊर्जा, सिँचाइ तथा खानेपानीमन्त्री सिंगासन सा कलवारले गुरुयोजनाले सिङ्गो देशको बारेमा एउटा खाका दिने भए पनि पानीको हाहाकार हुने अवस्थामा रहेको मधेशका समस्या समाधानमा विशेष ध्यान दिन सरोकारवालालाई आग्रह गरे ।

उनले नदी तथा जलस्रोतको मुख्य स्रोतका रुपमा रहेको चुरे क्षेत्रको बिनासले मधेश मरुभूमिमा परिणत हुने खतरा रहेकाले सरकार र विज्ञहरूले समयमै सचेत हुनुपर्ने आवश्यकतामा जोड दिए । "विगतमा सिँचाइको समस्याका कारण कृषकले खेतीपाती गर्न पाएनन् भनेर वर्षौंवर्ष गुनासो गरिरह्यौं । त्यसैमाथि अब नागरिकले खानेपानी नै नपाउने समस्या आउन थालेको छ । चापाकल, इनार, पोखरी सुक्न थालेका छन्, नदी हराउन थालेका छन", मन्त्री कलवारले भने, "गुरुयोजनाले समग्र नेपालको जलस्रोतको सम्भावना, समस्या र उपयोगका बारेमा त सोच्नुपर्छ नै, देशको सबैभन्दा ठूलो जनसंख्याको हिस्सा बसोबास गर्ने मधेश प्रदेशले हाल सामना गरिराखेका समस्याको दीर्घकालीन सम्बोधन गर्न विशेष ध्यान दिन जरुरी छ । त्यसका लागि म आग्रह गर्दछु ।"

उनले चुरेको संरक्षणबिना मधेश प्रदेशका बाढी, डुबान, खानेपानी र सिँचाइलगायत समस्या समाधान नहुने भन्दै त्यसलाई आधार बनाएर तत्काल आवश्यक कदम चाल्न प्रदेश सरकारले सबैसँग समन्वय र साझेदारी गर्ने बताए ।

कार्यक्रममा स्थानीय तहका जनप्रतिनिधिलगायत सरोकारवालाले नेपालमा बन्ने योजना तथा गुरुयोजनाले ठूलाठूला आयोजना, लगानी र सम्भावनाका कुरा गर्ने तर कार्यान्वयन नहुने समस्या रहेकाले यो योजनाले तत्काल गर्न सकिने र अत्यावश्यक कार्यका सन्दर्भमा ठोस योजना अगाडि सानुपर्ने बताएका थिए ।

जवाफमा आयोगका सचिव तिवारीले अध्ययनले कुन कुन बेसिनको कुन कुन ठाउँमा कति जलस्रोत रहेको र त्यसको उपयोग कसरी गर्ने भन्ने विषयमा ठोस मार्गनिर्देशन गर्ने भएकाले त्यसको लाभ तीनै तहका सरकारलाई हुने बताए । उनले आर्थिक, सामाजिक, वातावरणीय र प्राविधिक विश्लेषण पनि समावेश गरिएकाले यस अध्ययनले खानेपानी, सिँचाइ र जलविद्युतका साथै यसको पर्यटकीय, सांस्कृतिक र सामाजिक सम्बन्धका आयाममा पनि काम गर्न सहजता प्रदान गर्ने बताए । पानीको समन्वयात्मक उपयोग गर्न तीनै तहका सरकारको समन्वयात्मक भूमिका महत्वपूर्ण हुने उनको भनाइ थियो ।

यसअघि आयोगका सहसचिव डा. कमलराज जोशीले देशमा उपलब्ध जलस्रोतको बेसिनस्तरमा समन्वयात्मक रुपमा व्यवस्थापन तथा उपयोग गरी अधिकतम लाभ लिने उद्देश्यले योजना मस्यौदा तयार भएको र सबै प्रदेशबाट राय सुझाव लिई थप प्रभावकारी बनाउने लक्ष्य रहेको जानकारी दिए । कार्यक्रममा नदी बेसिन योजनाकार तथा विज्ञ डा. दिवसबहादुर बस्न्यात र शीतलबाबु रेग्मी, डा. निर्मल विष्ट, डा. कपिल ज्ञवाली, सहसचिव कला निधि पौडेललगायतले विविध विषयमा प्रस्तुतीकरण गरेका थिए ।

योजनामा देशभरिका मुख्य नदी कोशी, गण्डकी, कर्णाली, बाग्मती, पश्चिम राप्ती, बबई, महाकाली, कमला, कन्काई र मेची नदीको बेसिनदेखि उद्गमस्थलसम्म पानीको उपयोगिताबारे कार्ययोजना बन्ने आयोगको सचिवालयले जनाएको छ ।

# अनुदानमा चुलोका लागि निवेदन दिनेको घुइँचो

**टुडे समाचारदाता**

बारा । जीतपुर सिमरा उपमहानगरपालिकामा अनुदानमा चुलो वितरण हुने भएपछि निवेदन दिनेको घुइँचो लागेको छ । मंगलबार अन्तिम दिन मात्र पाँच सय जना भन्दा बढीले निवेदन दिएका छन् । जनशक्ति अभावमा निवेदन सङ्कलन गर्न कर्मचारीलाई हम्मेहम्मे परेको थियो ।




उपमहानगरको भान्साघरलाई धुवाँ ,धुलोमुक्त बनाउन जीतपुर सिमरा उपमहानगरपालिकाको नगर प्रमुख राजन पौडेलको विशेष पहलमा विद्युतीय र सुधारिएको चुलो वितरण गर्न लागिएको छ । हरित जलवायु कोषको सहयोगमा कार्यान्वयन गर्न लागिएको सो कार्यक्रममा नगरको हरेक परिवारलाई चुलो वितरण गर्न लागेको उपमहानगरपालिकाले जनाएको छ । जसका लागि उपभोक्ताले लागत सहभागिता रकम भने तिर्नुपर्ने छ । नगरले सार्वजनिक गरेको सूचना अनुसार विद्युतीय चुलोमा २३ प्रतिशत, सुधारिएको चुलोमा ५ प्रतिशत र बायोग्यास प्लान्ट निर्माणमा १४ प्रतिशत रकम उपभोक्ताले व्यहोनुपर्ने छ ।

नगरमा स्वच्छ उर्जा कार्यक्रम लागु गरी सिलिन्डर ग्यासको खपतमा न्यूनीकरण गर्ने उद्देश्यले यो कार्यक्रम शुरु भएको भएको जनाइएको छ । चुलो लिने मानिसहरुको निवेदन परेपछि सोही परिमाणमा चुलो खरिद गरी वितरण गरिने उपमहानगरपालिकाले जनाएको छ ।

उपमहानगरपालिकामा प्राप्त भएका निवेदनहरु अहिले पुरै गनिनसकेको अवस्था भएकाले एक हजार भन्दा बढी निवेदन परेको हुन सक्ने अनुमान गरिएको छ ।

# बक्यौता रकम १ करोड बढी पुग्यो



**टुडे समाचारदाता**

राजविराज । नेपाल खानेपानी संस्थान राजविराज शाखाका ग्राहकले खानेपानीको महसुल नबुझाउँदा बक्यौता रकम १ करोड ३७ लाख ४३ हजार ३ सय २९ रुपैयाँ पुगेको छ ।

खानेपानी संस्थान राजविराज कार्यालयका प्रमुख रामकुमार श्रेष्ठका अनुसार उक्त कार्यालयका दुई हजार नौ सय ४५ ग्राहकले खानेपानीको महसुल नबुझाउँदा कार्यालयमा बक्यौता एक करोड ३७ लाख ४३ हजार ३ सय २९ रुपैयाँ पुगेको छ ।

उनले आर्थिक वर्ष ०७९/०८० मा ७९ लाख ८१ हजार ५१२ रुपैयाँ राजस्व सङ्कलन भएको बताए । गत आ.व. ०७९/०८० मा नयाँ १ सय ३ धारा जडान भएको छ भने ७९ वटा सार्वजनिक धारा रहेको जानकारी दिए ।

खानेपानीको महसुल नतिर्नेमा व्यक्तिगत, सङ्घसंस्था, केही सरकारी कार्यालयलगायत रहेको कार्यालय प्रमुख श्रेष्ठले बताए ।

# समाजवादको अनुपम उदाहरण 'कबीर' : निवर्तमान मेयर मण्डल

**टुडे समाचारदाता**

जनकपुरधाम । हंसपुर नगरपालिकाका निवर्तमान मेयर रामज्ञान मण्डलले कबीर पन्थ समाजवादको अनुपम उदाहरण रहेको बताएका छन् । उनले समाजवादको सर्जक भन्नेहरुले कबीर पन्थ अध्ययन गरे आफ्नो समाजवाद बिर्सने उनले दाबी गरे ।



कबीर आश्रम परसाहीका महात्मा युगेश्वर दास साहेबको निधनप्रति सत्य कबीर आश्रम रमनगराद्वारा आयोजित श्रद्धाञ्जली सभामा निवर्तमान मेयर मण्डलले समाजमा वास्तविक समाजवाद स्थापना गर्नेनै कबीर रहेको दाबी गरे ।

उनले महात्मा युगेश्वर दास साहबले समाजलाई समाज संग जोड्न गरेको अथक प्रयासको चर्चा गर्दै सम्पूर्ण कबीर पन्थीलाई साहबले देखाएको बाटोमा हिड्न आग्रह समेत गरे ।

समाजलाई बटवारा गरेर समाजवाद स्थापना गर्नेहरुले कबीरको समाजवादको अध्ययन नगरेको दाबी गर्दै निवर्तमान मेयर मण्डलले समाजवादको नाममा अहिलेका समाजवादीहरु आफ्ना राजनीतिक स्वार्थ पूर्ति गरेको टिप्पणी समेत गरे ।

उनले आफू मेयर रहेको बेला कबीर आश्रमका लागि ६० लाख रकम विनियोजन गरेको जानकारी दिँदै कबीरले समाजलाई जोड्ने सूत्रको रुपमा रहेको बताए ।

समितिका अध्यक्ष शुभनारायण मण्डलको अध्यक्षता तथा राजकुमार दास साहवको विशिष्ट आतिथ्यमा सम्पन्न श्रद्धाञ्जली सभामा समितिका उपाध्यक्ष रामअशिष मोची, सचिव बेचन मण्डल, कोषाध्यक्ष जिवछ मण्डल लगायतले आ-आफ्ना मन्तव्य राखेका थिए ।

# रगतदान गर्न मेयर साहको आग्रह



**टुडे समाचारदाता**

रौतहट । गौर नगरपालिकाका नगर प्रमुख शम्भु साहले नडराइकन बेला बेलामा रगत दान गर्न आग्रह गरेका छन । आफ्नो शरीरमा भएको रगतले अरुको जीवन जोगाउन सकिने भएकोले बेला बेलामा रगत दिंदैमा केही समस्या नहुने भएकोले निर्धक्क रुपमा रक्तदान गर्नुपर्ने उनले बताए ।

नेपाल रेडक्रस सोसाइटीको ६१ औं स्थापना दिवसको अवसरमा नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा रौतहटले मंगलवार आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा उनले नेपाल रेडक्रस सोसाइटी सामाजिक संस्था भएकोले आफूबाट व्यक्तिगत रुपमा हुने सम्मको सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्रले नेपाल रेडक्रस सोसाइटीको स्थापना विशुद्ध रुपमा मानव सेवा गर्नको लागि भएकोले कुनै जात धर्म वर्ग लिंग ,समुदाय तथा राजनीतिक दलबाट प्रेरित भएर काम नगर्न आग्रह गरे ।

विपदको बेलामा विपद व्यवस्थापन समितिसंग सहकार्य गरी कार्य गर्न सुझाव दिदै प्रमुख जिल्ला अधिकारी मिश्रले सहकार्य गरी अघि बढ्न सुझाव दिए । कार्यक्रम जिल्ला सभापति राजकिशोर प्रसाद यादवको सभापतित्वमा सम्पन्न भएको थियो ।

# राष्ट्रिय ध्वजा फहराइयो

**टुडे समाचारदाता**

सर्लाही । सर्लाहीको सदरमुकाम मलंगवा नजिक रहेको नेपाल-भारत सीमा अन्तर्गत मलंगवा-सोनवर्षा नाकामा १०८ फिटको राष्ट्रिय झण्डा फहराइएको छ ।

नगरप्रमुख नागेन्द्र प्रसाद यादवको अध्यक्षतामा मंगलबार नगरपालिकाले एक समारोहका बीच मधेश प्रदेश सरकारका अर्थमन्त्री संजय कुमार यादवले दशगजा नजिक निर्माण गरिएको गौरव पार्कमा १०८ फिटको राष्ट्रिय झण्डा फहराएका छन् ।



नगरको गौरवको रुपमा रहेको उक्त पार्क मधेश प्रदेश सरकारको विशेष अनुदानबाट प्राप्त ३० लाख रुपैयाको लागतमा २०८० साल असार ४ गते नगरप्रमुख यादवद्वारा शिलान्यास भइ भदौ १८ गते निर्माण सम्पन्न भएको छ । केही वर्ष अगाडि जिल्ला भन्सार कार्यालय नजिक निर्माण सम्पन्न भएको नगर प्रवेश द्वारको पनि सोही कार्यक्रमको अवसरमा उदघाटन गरिएको छ ।

समारोहमा मधेश प्रदेश सांसद कौशल किशोर राय, पूर्व सांसद लक्ष्मण राय, पूर्व संघीय सांसद रुहीनाज मिकरानी, मलंगवा नगरपालिकाका उपप्रमुख शकुन्तला देवी साह, प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, भारतीय एसएसबी तथा भारतीय प्रहरीका प्रमुखहरु, विभिन्न पालिकाकाका प्रमुखहरु, स्थानीय बुद्धिजीवी समाजसेवी, मलंगवा न.पा अन्तर्गतका १२ वटै वडाका वडाअध्यक्षहरु लगायत नेपाल तथा भारतका संचारकर्मीहरुको उपस्थिति रहेको थियो ।

मलंगवा नाका भएर नेपाल प्रवेश गर्ने पर्यटकहरुको स्वागतको लागि अर्थमन्त्री यादवले राष्ट्रिय झण्डा सहितको पार्क निर्माण गराएर देशकै मान बढाएको भन्दै सम्पूर्ण नगरबासीहरुको तर्फबाट नगर प्रमुख यादवले मन्त्री यादवलाई ४५ किलोको मालाले सम्मान गरेका थिए ।

मलंगवा बासीको गौरवको रुपमा रहेको राष्ट्रिय झण्डा सहितको पार्कले दुबै देश बीचको धार्मिक, सांस्कृतिक र सामाजिक सम्बन्धलाई अझ धेरै प्रगाढ बनाएको नगरप्रमुख यादवले बताए ।


## आवश्यकता

होटल सेभेन स्टार एण्ड बैंक्क्युटको लागि तपसिल बमोजिमको कर्मचारीहरु आवश्यक रहेकोले काम गर्न इच्छुक तथा दक्ष व्यक्तिहरुले निम्न ठेगानामा सम्पर्क गर्न हुन जानकारी गराईन्छ ।

| पद | संख्या | कैफियत |
|---|---|---|
| सुपरभाईजर | १ | १०+२ उत्तिर्ण गरेको तथा सम्बन्धित काममा २ वर्षको अनुभव |
| रिसेप्नीष्ट | १ महिला मात्र | १०+२ उत्तिर्ण गरेको तथा |
| वेटर | २ | सम्बन्धित काममा दक्ष भएको |

सम्पर्क

होटल सेभेन स्टार एण्ड बैङ्क्युट

बजरंग चौक, जनकपुरधाम, मो.नं. : ९८४४१०१०१०


जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८